# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

द्वन्द्व भन्ने शब्द विभिन्न ठाँउ, व्यक्ति र अवस्थामा फरक-फरक किसिमले प्रयोग भएको हुन्छ । साधारणतया द्वन्द्व भन्नुको अर्थ तर्क गर्नु, दुई वा दुई भन्दा वढी व्यक्तिहरू वीचमा भएको आपसी असमझदारी, निरासा, कटुता, हिंसा र युद्ध भन्ने बुझिन्छ । यो सहयोगको विपरीत स्थिति हो । सङ्गठनमा धेरै व्यक्तिहरूको सहभागिता हुने भएकोले उनीहरूवीच मनमुटाव हुनु, तनाव हुनु, वादविवाद हुनु, मतभेद हुनु, विरोधको स्थिति, हुनुलाई स्वभाविक मानिन्छ । सङ्गठनमा औपचारिक र अनौपचारिक दुवै प्रकारका द्वन्द्व हुन्छन् । द्वन्द्व विनाको सङ्गठन प्राय असम्भव नै हुन्छ, (वाग्ले र ढकाल, २०६३) ।

द्वन्द्व भनेको सवै प्रकारको विरोध र प्रतिकारको सहकार्य हो जसले समाजको विद्यमान परिस्थितिलाई पविर्तन गरी समाज परिवर्तको अग्रणी भूमिका खेलेको हुन्छ । द्वंन्द्व त्यतिवेला सिर्जना हुन्छ, जब व्यक्तिका अन्तर्निहित प्रतिभा, रुचि र चाहानालाई वेवास्ता गरेको हुन्छ । अर्को शब्दमा भन्नु पर्दा, द्वन्द्व एउटा सामाजिक प्रक्रिया हो जो कुनै न कुनै रूपमा समाजमा चलिरहेको हुन्छ । सङ्गठनमा हुने विभिन्न संरचना र त्यसमा कार्यरत व्यक्तिहरू वीच विचारमा मतभेद हुने भएकोले द्वन्द्वलाई स्वभाविक प्रक्रियाको रूपमा लिइएको छ, (वाग्ले र ढकाल, २०६३) ।

“द्वन्द्व” शब्दलाई अङ्ग्रेजीमा “कन्फिलिक्ट” भनिन्छ । जुन ग्रिक भाषाको “डाइलेगो” बाट आएको हो । जसको शाब्दिक अर्थ वादविवाद हुन्छ । प्राचीन ग्रिसमा विरोधी विचारहरूका वीचमा वादविवाद चलाएर सत्य पत्ता लागउन सकिन्छ भन्ने विश्वासवाट डाईलेक्टिभ मेथड् (वादविवाद विधि)को शुरुवात भएको हो । समाज शास्त्रमा छुट्टै पहिचानका रूपमा र सम्पुर्ण सिद्धान्तहरूको चुनौतीका रूपमा द्वन्द्ववादीको सिद्धान्तको प्रतिपादन विश्वसमाजवादी आन्दोलनका जनक कार्ल मार्क्स द्वारा भएको हो । सामान्यतया एक अर्कामा विपरीत वस्तुको बीच सङ्घर्ष हुन्छ । विपरीत दुई वस्तुहरू आ-आफ्नो उद्धेश्य पूर्तिको लागि सङ्घर्ष गर्दछन् र वस्तुहरू एकबाट अर्को अवस्थामा परिवर्तन भएको देखिन्छ भने पहिलो अवस्थाभन्दा दोस्रो अवस्थामा प्रगति भएको हुन्छ । त्यसरी नै मानव समाजको विकासबाट आजसम्मको अवस्थालाई मध्यनजर राख्दा यो क्रमशः एकबाट अर्को अवस्थामा गई सरलबाट जटिल

रूपमा फड्को मार्दछ । त्यसैले मानवीय इतिहास भनेको नै द्वन्द्वको इतिहास हो भनेर कार्लमाक्सले व्यक्त गरेका छन् त्यसरी नै ग्रीनको भनाइ अनुसार "द्वन्द्वलाई अर्काको उद्धेश्य वा चाहना माथि निहित स्र्वाथले गर्दा विरोध गर्ने प्रयत्नलाई सङ्केत गर्दछ । द्वन्द्व शब्द सामाजिक प्रक्रियामा सहयोगको विपरीत प्रतिवादका रूपमा विकसित भएको छ ।

मानव समाजमा द्वन्द्व सधै चलिरहन्छ । यसैले मानव सम्बन्ध अस्तित्वमा रहेसम्म द्वन्द्व जीवित रहने देखिन्छ । प्राचीन समयदेखि नै कुनै न कुनै आधार लिएर द्वन्द्व उत्पन्न गर्ने प्रयास भएको पाइन्छ । यसमा प्राचीन ग्रिक दार्शनिक सुकरात र प्लेटोको नाम लिन सकिन्छ । मध्यकालीन समयतिर जर्मनीका हेगलले पनि आफ्नो विचारलाई दर्शनको आधार बनाए । यिनको विचारमा समाजमा जहिले पनि विचारले गर्दा पदार्थलाई परिचालन गर्न सकिन्छ । त्यसैले द्वन्द्वको विकास पदार्थ माथिको विचारको आधिपत्य हो भन्ने कुरालाई जोड दिएर पदार्थको भित्री पक्षभन्दा वाहिरी आवरणमा केन्द्रित भएर जुन द्वन्द्वको व्याख्या भएको छ, त्यसलाई आर्दशवादी द्वन्द्व भनिएको छ । यस किसिमको द्वन्द्वलाई अझ कार्लमार्क्सले द्वन्द्वात्मक भौतिकवाद हो भनि प्रतिपादन गरेका हुन् । द्वन्द्वको व्याख्याता भन्ने वित्तिकै मार्क्सको नाम अग्र पङ्क्तिमा आउँछ । नेपालको सन्दर्भमा १० वर्षे सशस्त्र द्वन्द्वको अनुभवले हामीलाई गरिबी असमानता र असमान अवसर जस्ता विद्यमान अवस्थाले द्वन्द्वलाई टेवा र मलजल गर्ने पाठ सिकाएको छ । अतः विद्यमान असमानता हटाउन द्वन्द्व समाधानको एक महत्वपूर्ण उपाय हो, (वाग्ले र ढकाल, २०६३ बाट उद्दृत) ।

द्वन्द्व समाजको सामाजिक, राजनैतिक, आर्थिक र शैक्षिक पक्षमा हुने भएकोले यसलाई सर्वव्यापी प्रक्रिया मानिन्छ । द्वन्द्व हरेक विद्यालय तथा समाजका लागि साझा भएको छ । द्वन्द्व उत्पन्न विभिन्न जात, वर्ग, र लिङ्गीय विभिन्नताका कारणले गर्दा उत्पन्न हुने गर्दछ । द्वन्द्व समाजमा भएका स्रोतहरूको प्रयोगमा ठूलो जात र सानो जातको भावनाले पनि पैदा हुने गर्दछ । देशको सम्पूर्ण जनसङ्ख्याको आधा जति जनसङ्ख्या निरक्षर रहेको कारणले पनि द्वन्द्व उत्पन्न हुने गर्दछ । शिक्षाको अभावमा तिनीहरूले शोषित र असमान व्यवहार खेप्नु परेको हुन्छ । यो नै द्वन्द्व उत्पन्नको मुख्य कारण हो । विशेष गरी ग्रामीण भूभागमा बस्ने नेपालीहरूमा अत्यन्तै गरिबीपन रहेको हुन्छ । औपचारिक न्यायिक पद्धति साधारण घर-परिवारमा व्यवहारिक रूपमा प्रर्याप्त रहेको पाइदैन । त्यसैले कानुनी न्याय प्राप्त गर्न तिनीहरू घरमै चुप लागेर पूरा जीवन बिताउन बाध्य हुने पर्दछन । तर्सथ नेपाली समाजमा

सामाजिक, पौराणिक रीतिरिवाज धार्मिक र लिङ्गीय विभेदबाट अत्यन्तै प्रभावित रहेको देखिन्छ, (पौडेल, २०६५) ।

विद्यालय भनेको शिक्षण सिकाइ कार्य सञ्चालन गरिने मुख्य कार्यथलो हो । शिक्षा प्राप्त गर्ने मुख्य कार्यथलो विद्यालय भएकोले शिक्षा विकासमा विद्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयले जस्तो खालको शिक्षा दियो, त्यस्तै विद्यार्थीहरुको प्रगति निर्भर गर्ने गर्दछ । विद्यालयमा विद्यार्थीहरूले विभिन्न किसिमका शैक्षिक सीप र जानकारीहरू विद्यालय क्रियाकलापबाट सिक्ने गर्दछन् । यस्ता विभिन्न किसिमका क्रियाकलापहरूलाई पूरा गर्नका निम्ति विभिन्न किसिमका अर्न्तक्रियाहरू गर्नु आवश्यक देखिन्छ । अर्न्तक्रियाको प्रक्रियामा शिक्षकहरूको भूमिका महत्वपूर्ण हुन्छ किनभने शिक्षकहरूले समाज, विद्यालय र विद्यार्थीहरूसँग अर्न्तक्रिया गरी विद्यालयको विभिन्न अन्तरर्निहित प्रगतिको विकासमा सहयोग गरेको हुन्छ । विद्यालयको विभिन्न पक्षको विकासको लागि द्वन्द्व आवश्यक देखिन्छ । त्यसैले मानिसहरूमा भएको फरक विचार, इच्छा र आवश्यकताका कारणले विद्यालयमा द्वन्द्व उत्पन्न हुने गर्दछ । यो कुरा प्रष्ट छ कि प्रत्येक संस्थाको कर्मचारी र व्यक्ति समूहमा तिनीहरूमा भएको फरक विचार, उद्देश्य, विश्वास र मूल्यमान्यताले द्वन्द्व सिर्जना गर्नमा सहयोग पुऱ्याउने गर्दछ । त्यसैगरी विद्यालयमा शिक्षक र विद्यार्थीहरू विभिन्न सामाजिक तथा साँस्कृतिक पृष्ठभूमिबाट आउने गरेकाले तिनीहरूको सोचाइमा पनि फरक देखिनु कुनै नौलो कुरा होइन । तिनीहरू वीचमा शौक्षिक उपलब्धि, बौद्धिक स्तर, व्यवहार, रुचि र परिपक्कवता समेतमा भिन्नता देखिन्छ । विद्यालयको आफ्नो औपचारीक संरचना स्थानको श्रृङखला, उद्देश्य र लक्ष्य रहेकाले कार्य गर्ने पद्धति, असमान स्तर र संस्थाले विद्यालयमा द्वन्द्व सिर्जना गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ, (करभेटे, २००९) ।

थोमस र मिल्टको अध्ययन अनुसन्धानअनुसार उच्च तथा मध्यम स्तरीय व्यवस्थापनले करीब २० प्रतिशत समय कुनै न कुनै रूपमा द्वन्द्वको व्यवहार एवम् समाधानमा प्रयोग गरेको पाईन्छ । द्वन्द्वलाई नदबाई अनुकुलतम स्तरसम्म स्वीकार गरी अझ बढी बैरभाव एवम् विनाशपुर्ण व्यवहारको उपस्थिति विना नै द्वन्द्वलाई समाधन गर्नु पर्दछ । द्वन्द्वलाई दमन गर्ने होईन यसको निदान र व्यवस्थापकिय क्षमतालाई मान्यता दिने तथा प्रसय दिने गर्नु पर्दछ, (थापा र श्रेष्ठ २०६४) ।

मानव जातिवीच एक आपसमा विरोध, विचारको मतभेद तथा आपसी असमझदारीको स्वरूप नै द्वन्द्व हो । त्यस्तै श्रेष्ठ र उप्रेतीका भनाइ अनुसार हरेक मानिस उसको प्रकृति अनुसार उसले व्यक्तिगत, संस्थागत राष्ट्र र अन्तराष्ट्रिय संस्थाहरू प्रति सकारात्मक सोच, राख्न नसक्नु द्वन्द्व हो । द्वन्द्व एक यस्तो अवस्था हो जसमा व्यक्ति, व्यक्ति समुहले आ-आफ्नो उद्धेश्य, मृत्यु र रुचिलाई असन्तुष्टिका कारण अलग-अलग तरिकाले प्रदर्शन गर्दछन् । अर्थात दुई भिन्न समूह वीचमा भएको व्यवहारहरूको विरोधको स्थिति नै द्वन्द्व हो । द्वन्द्व त्यहाँ हुन्छ जहाँ प्रत्येक व्यक्तिको संवेग र चाहनालाई वेवास्ता गरको हुन्छ । त्यसैले द्वन्द्व व्यापार पेशा, सङ्गठन-सङ्गठन वीच मानिस, मानिस- मानिस वीच राष्ट्र, राष्ट्र - राष्ट्र वीचमा द्वन्द्व उत्पन्न हुन्छ । यसैगरी, विद्यार्थीहरूले विभिन्न किसिमका शैक्षिक सीपहरू तथा जानकारीहरू विद्यालय क्रियाकलापबाट सिक्ने गर्दछन् । यिनै क्रियाकलापहरू पुरागर्नका निम्ति विभिन्न विषयमा अन्तरक्रिया गर्नु आवश्यक हुन्छ । अन्तरक्रिया प्रक्रियामा शिक्षकको भूमिका उल्लेखनीय रहेको हुन्छ किनभने शिक्षकले समाज, विद्यालय र विद्यार्थीसँग अन्तरक्रिया गर्नु पर्दछ साथै विद्यालय एउटा यस्तो ठाउँ हो जहाँ विद्यार्थीका अन्तर्निहित प्रतिभालाई प्रस्फुटित गर्ने कार्यमा समेत द्वन्द्व भएको हुन्छ । यिनै विभिन्न कारणले गर्दा द्वन्द्व विद्यालयका लागि अपरिहार्य छ । हरेक मानिसको सोचाइ, उद्धेश्य र चाहना फरक-फरक भएको कारणले गर्दा विद्यालयमा द्वन्द्व सिर्जना हुन्छ, (श्रेष्ठ र उप्रेती, २००३ बाट उद्दृत ) ।

विद्यालयमा आउने विद्यार्थी र शिक्षकहरू विभिन्न सामाजिक तथा साँस्कृतिक पृष्ठभूमि बाट आउने गर्दछन् । त्यसैले उनीहरूको सोच्ने तरिका पनि फरक हुन्छ । शैक्षिक उपलब्धि, वुद्धिको स्तर, व्यवहार, रुचि र परिपक्वता समेतमा फरक देखा पर्दछ । विद्यालयमा औपचारिक संरचना, तहगत श्रङ्खला, लक्ष्य तथा उद्देश्य, कार्य गर्ने, तरिका, असमानता मर्यादा र स्थान जस्ता कुराहरूले विद्यालयमा द्वन्द्व सिर्जना भईरहेको हुन्छ ।

विद्यालयमा उत्पन्न हुने शैक्षिक द्वन्द्वमा विभिन्न तत्वहरूले योगदान पुऱ्याएको हुन्छ । यी तत्वहरू विद्यालयको, आकार, सीमित स्रोत र साधन जनसङ्ख्याको कारण, जाति, उमेर, लिङ्ग र धर्म आदि पर्दछन् । त्यस्तै शैक्षिक विरोधले भाषा विशेषपक्षको भिन्नता, आकाल मृत्यू, लागु पदार्थ, तथा दुर्व्यसन, पेय पदार्थ जस्ता कुराहरूले विद्यालयको शैक्षिक क्षेत्रमा द्वन्द्व भइ रहेको हुन्छ । जसको समाधानको लागि विभिन्न प्रयासहरू गर्नु पर्दछ । विद्यालयमा

द्वन्द्व व्यवस्थापनको लागि पाठ्यक्रम लागु गर्नुपर्ने, शिक्षक तथा विद्यार्थीहरूलाई निर्देशन दिनुपर्ने जस्ता पक्षको विकास गर्नुपर्दछ ।

यसरी विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्नु शैक्षिक क्षेत्रमा देखिएको चुनौती हो । वर्तमान मा विद्यालयमा हुने हिंसा र समाजमा हुने द्वन्द्व जीवनको प्राकृतिक भाग हो । त्यसैले यसलाई विद्यालयको प्राकृतिक घटनाको रूपमा लिइन्छ । विद्यालयमा जातिय, धार्मिक र यौनिक द्वन्द्व किशोरावस्थामा हुने गर्दछ । विद्यालयमा हुने द्वन्द्व प्राय गरी किशोरावस्थामा देखा पर्ने भएकाले यससम्बन्धी विद्यालयमा शिक्षण सीपहरू सिकाउनु पर्छ । विद्यालय विद्यार्थीका लागि यस्तो ठाउँ हो जहाँ उनीहरूले विभिन्न अवसरहरू प्राप्त गर्ने गर्दछन् । धेरै शिक्षकहरू विश्वास गर्दछन् की विद्यार्थीहरूको व्यवहारले उनीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्दछ, (जोनसन, १९९८) वाट उद्धृत) ।

## १.२. समस्याको कथन

विद्यालयमा गुणस्तरीय शिक्षा विकासका लागी सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रसश्तै लगानी गरीएको हुन्छ । शिक्षा क्षेत्रमा छुट्याएको कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा नै खर्च हुने गरेको तथ्याङ्क छ । यसरी खर्च गरिए पनि शैक्षिक उपलब्धिमा अपेक्षित सुधार आउन सकिरहेको छैन । विद्यालयको द्वन्द्वात्मक पक्षको व्यवस्थापनका लागि सरोकारवालाहरूलाई प्रत्यक्ष रूपमा सहभागी गराई सबैको प्रयास र प्रयत्नबाट त्यसलाई सफल गर्न सकेमा विद्यालयको समग्र पक्षको व्यवस्था राम्रो हुन्छ । यसरी सबै सरोकारवालाहरूको सहभागितामा विद्यालयको द्वन्द्व व्यवस्थापन गर्न सकेमा विद्यालयको शैक्षिक अवस्थामा सुधार ल्याउन सकिन्छ ।

शिक्षा क्षेत्रमा गरिएको प्रसस्तै लगानीबाट प्रतिफल राम्रो नआइरहेको सन्दर्भमा विद्यालयको द्वन्द्व व्यवस्थापनले समग्र सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भन्ने बिषयमा अध्ययन गर्ने प्रयास गरिएको छ । विद्यालय सञ्चालनको पहिलो सर्तको रूपमा रहेको द्वन्द्व व्यवस्थापन नगरेसम्म शैक्षिक पक्षको विकास राम्रोसँग हुन नसकेको अवस्था पाइन्छ । त्यसैले हाल सञ्चालनमा रहेका विद्यालयहरूमा द्वन्द्वको वर्तमानअवस्था कस्तो रहेको छ र द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका कस्तो रहेको छ भन्ने कुरासँग यस शोधकार्य सम्वन्धित रहेको छ ।

वास्तवमा विद्यालय सामुहिक हितको लागि सामुहिक भावना तथा सहयोगको धारणा सिर्जना गरी शिक्षक र विद्यार्थीहरू वीचमा पारस्परिक सम्वन्ध, विद्यालय र समाजवीच पारस्परिक सम्बन्ध स्थापना गर्न सञ्चालन भएको हुन्छ । सवै वर्गमा समान सोचको धारणा स्थापित गर्न यस्तो किसिमको कार्य हुने गर्दछ । जुन चाँहि द्वन्द्व व्यवस्थापनको अत्यन्तै राम्रो उपाय मानिन्छ । विद्यालयमा धेरै प्रकारका समस्याहरू सिर्जना हुन सक्दछ । यदि यी यस्ता समस्याहरूलाई उचित समयमा समाधान गरिएन भने द्वन्द्वको स्वरूप लम्बिन र बढ्न सक्दछ । देशका धेरै जसो विद्यालयले द्वन्द्व व्यस्थापनको समस्यालाई सामाना गरिरहेका छन् । यो अनुसन्धानले तथापि विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको मुख्य भूमिका हुने कुरामा जोड दिएको छ । विद्यालयमा द्वन्द्व व्यवस्थापनमा शिक्षकको प्रभावकारी भूमिका पत्ता लगाउनका निम्ति यो अनुसन्धानको अध्ययन कार्यलाई अगाडि वढाइएको छ । साथै अनुसन्धानको उद्देश्य पूरा गर्न विद्यालयमा द्वन्द्वको अवस्था कस्तो रहेको छ ? विद्यालयमा द्वन्द्व उत्पन्न हुने स्रोतहरू के के हुन् ? विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापनका लागि शिक्षकले कस्तो भूमिका खेल्नु पर्ने हुन्छ ? विद्यालयमा द्वन्द्वलाई न्यूनीकरण गर्न के कस्ता उपायहरू अपनाउन सकिन्छ ? जस्ता प्रश्नहरुमा केन्द्रित भई अगाडी बढाइएको छ ।

## १.३. अध्ययनको औचित्य

शिक्षा क्षेत्रमा विविध समस्याहरू रहेता पनि नेपाल सरकारले सन् २०१५ सम्ममा सवैको लागि शिक्षा भन्ने नारा अगाडि सारेको देखिन्छ । यो लक्ष्यलाई पूरा गर्न नेपाल सरकारले शिक्षकको शैक्षिक क्षमतालाई सुधार गर्नु पर्दछ । तर पनि विद्यालयमा उत्पन्न हुने द्वन्द्व व्यवस्थापनका लागि कुनै किसिमको अध्ययन कार्य गरेको देखिदैन । शैक्षिक द्वन्द्वका बारेमा प्रयाप्त ज्ञान नभएको हुँदा जति सुकै राम्रो शैक्षिक योजनाले पनि राम्ररी कार्य गर्न सकेको पाइदैन । विद्यालयको आन्तरिक सक्षमतालाई सुधारगर्न शिक्षकहरूमा विद्यालय समस्याको वारेमा ज्ञान हुनु पर्दछ । यस अनुसन्धानले विद्यालयमा उत्पन्न द्वन्द्वलाई व्यवस्थापन गर्न विशेष सहयोगका लागि ज्ञान प्रदान गर्ने छ । शिक्षण सिकाई प्रक्रियामा द्वन्द्व व्यवस्थापनको ज्ञान तथा जानकारीले सरोकारवालालाई संलग्न गराउँदै द्वन्द्व व्यवस्थापनमा योगदान पुऱ्याउने छ साथै यो अध्ययन अनुसन्धानले शैक्षिक व्यक्तित्वहरूका लागि विद्यालयमा उत्पन्न हुने द्वन्द्व समाधान र चुनौतीको सम्बोधन गर्न सहयोग मिल्ने छ । विद्यालयको सवै क्षेत्रमा देखिने समस्याहरूलाई यस अध्ययनको प्राप्तिले समान्यीकरण गर्ने छैन तथापि

शैक्षिक अगुवाहरू, योजनाकार तथा ईच्छुक पाठकवर्ग, शिक्षक र प्र.अ.का साझा समस्याहरूलाई समाधान गर्नका लागि उपयोगी हुने आशा गरिएको छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययन अनुसन्धानको उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१) विद्यालयको द्वन्द्वको विद्यमान अवस्था पहिचान गर्ने ।

२) विद्यालयको द्वन्द्वका स्रोतहरू विश्लेषण गर्ने ।

३) द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका लेखाजोखा गर्ने ।

४) विद्यालयमा द्वन्द्व न्यूनीकरणका उपायहरू सुझाउने ।

## १.५. अनुसन्धानात्मक प्रश्न

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसारका छन् :

१) विद्यालयमा द्वन्द्वको अवस्था के कस्तो छ ?

२) शिक्षकहरूद्वारा विद्यालयमा द्वन्द्व के कसरी उत्पन्न हुन्छन् ?

३) द्वन्द्वका स्रोतहरू के-के छन् ?

४) विद्यालयमा शैक्षिक द्वन्द्वका दुष्परिणामहरू के-के हुन् ?

५) द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका कस्ता हुन्छन् ?

६) विद्यालयमा द्वन्द्व न्यूनीकरणका उपायहरु के कस्ता हुन सक्दछन् ?

## १.६. अध्ययनको परिसीमा

हरेक विषयको अध्ययन गर्ने क्रममा निश्चित सीमाहरु बाँधिनु पर्ने हुन्छ किनकी कुनै पनि विषयको सबै पक्षको अध्ययन एकै विषय, समय र क्षेत्रबाट सम्भव हुँदैन । यो अध्ययन मोरङ जिल्लाको मच्छिन्द्र उच्च मा.वि. केराबारी स्रोत केन्द्र अन्तर्गतका नि.मा.वि. र मा. वि. गरी १० ओटा र विद्यालयमा केन्द्रित रहेको छ । जस मध्ये शैक्षिक सत्र २०७२ मा

मा.वि. तर्फ कक्षा ९ र १० मा अध्ययन गर्ने १० जना छात्रा छात्रलाई लिइएको छ भने नि.मा.वि. तर्फ कक्षा ७ र ८ मा अध्ययनरत १० जना छात्रा र छात्रहरु, १० जना प्र.अ., २० जना शिक्षकहरु, १० जना वि.व्य.स. अध्यक्ष, १० जना स्थानीय बुद्धिजीविहरुमा सीमित गरिएको छ । यसरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि द्वन्द्व बाधक बन्न आएकाले द्वन्द्वको वास्तविकतालाई पहिचान गरी न्यूनीकरण गर्ने उद्देश्यका साथ यस केराबारी स्रोतकेन्द्र अन्तर्गतका निश्चित विद्यालयहरुमा शिक्षकले विभिन्न उद्देश्य र अनुसन्धानात्मक प्रश्नहरु राखी वास्तविकताको पहिचान गरी शिक्षकले शिक्षण सिकाइ प्रक्रियालाई उद्देश्यमूलक बनाउन प्रयास गरिएको छ । सीमित नमुना जनसंख्यामा आधारित भएकाले यो अध्ययनको निष्कर्षलाई क्षेत्रमा सामान्यीकरण गर्न सकिदैंन ।

शिक्षण सिकाइ प्रक्रियामा सरकारको तर्फबाट ठूलो आर्थिक लगानी भएतापनि विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्ति प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, बुद्धिजीवि बीच हुने द्वन्द्व नै कारक बनेकोले त्यस्तो सरोकारवाला व्यक्तिबाट उत्पन्न हुने द्वन्द्व न्यूनिकरण गर्न प्राइमरी तथा सेकेन्डरी तथ्याङ्क संकलनका माध्यमद्वारा विभिन्न प्रश्नावलीहरुको निर्माण गरी द्वन्द्व निर्माण गरी सम्भावित पक्षहरुको पहिचान गरी द्वन्द्व न्यूनीकरण गर्नका लागि केराबारी स्रोतकेन्द्र अन्तर्गत १० ओटा निम्न माध्यमिक र माध्यमिकमा यो अध्ययन सीमित गरिएको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा

व्यवस्थापन : उद्देश्य हासिल गर्नका लागि आवश्यक पर्ने साधनहरूको संलग्न समन्वय गर्ने तथा व्यवस्थित तरिकाले परिचालन गर्ने प्रक्रियालाई नै व्यवस्थापन भनिन्छ ।

सामुदायिक विद्यालय : नेपाल सरकारको अनुदानबाट संचालित विद्यालय सामुदायिक विद्यालय हो ।

द्वन्द्व : मानिस मानिस तथा जाति जातिबीच एक आपसमा विचारको मतभेद तथा आपसी असमझदारीको स्वरुप नै द्वन्द्व हो ।

भूमिका : विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापनका लागि शिक्षकहरूले निर्वाह गरेको उत्तरदायित्वलाई भूमिका भनिन्छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि अध्ययन गर्नु भन्दा पहिले त्यस विषय सँग सम्बन्धित अगाडि नै आइसकेका अनुसन्धानहरूको सिंहावलोकन गर्नु आवश्यक हुन्छ जसले गर्दा एउटै विषयसँग सम्बन्धित अनुसन्धानमा पटक पटक दोहोरिने सम्भावना पनि रहदैन । अनुसन्धानकर्ताले विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका पत्ता लगाउने प्रयास गरेकोछ । यस अध्ययन अनुसन्धान गर्ने वेलामा राष्ट्रिय तथा अन्तराष्ट्रिय साहित्यको पुनरावलोकन गरी अनुसन्धानको मुख्य उपाय पता लगाएको छ । वास्तवमा विद्यालयको द्वन्द्व विना सिकाई सफल, प्रभावकारी एवम् उद्देश्य मुलक हुन सक्दैन । त्यसैले प्रस्तुत “विद्यालयमा द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका” सँग सम्वन्धित अनुसन्धानहरू हालसम्म नभएकाले उक्त शीर्षक शोधकालागि महत्वपूर्ण भएका अध्येताको ठहर छ । विद्यालयमा द्वन्द्व व्यवस्थापन सम्वन्धित अध्ययनहरू निकै सीमित भएको पाईन्छ । यहाँ तिनै अध्ययनहरूलाई प्रस्तुत गर्ने कुरामा जोड दिएको छ ।

## २.१. सैद्धान्तिक साहित्यको पुनरावलोकन

सैद्धान्तिक ढाँचाले अनुसान्धालाई एउटा सहिबाटो पहिल्याउनमा महत्वपूर्ण  सहयोग गरिएको छ । द्वन्द्वनात्मक सिद्धान्त सामाजिक सिद्धान्तको एउटा भागको रूपमा रहेकोछ । जसले मानिसको सामाजिक जीवनको वर्णन द्वन्द्वबाट गर्नेछ । अनुसन्धान द्वन्द्वनात्मक सिद्धान्तद्वारा निर्देशित भएको कारणले विद्यालयमा उत्पन्न हुने द्वन्द्वको वारेमा व्यवस्थापनमा शिक्षकको भूमिकाको अध्ययनको लागि छानिएको छ । कुनै पनि संस्थामा आवद्ध मानिसहरू वा समूहको भूमिका माथि द्वन्द्व उत्पन्न हुनु स्वभाविक हुने भएकोले यहाँ विद्यालयमा उत्पन्न द्वन्द्वको पहिचान र यसको समाधानको वारेमा २ ओटा द्वन्द्वनात्मक सिद्धान्तको विस्तृत पुनरावलोकन गरिएको छ ।

अव्राहम मास्लो (१९४३) को उत्प्रेरणाको सिद्धान्त अनुसार आवश्यकताविना मानिस कुनै काम गर्न क्रियाशिल हुदैंन त्यसका लागि उसलाई प्रेरित गर्ने क्रियाकलाप गरिनुपर्दछ । मानिसमा प्रशस्त इच्छा , आवश्यकता र चाहना हुन्छन । त्यसको परिपूर्ति गर्न मानिसले एक आपसमा द्वन्द्व गरिरहेको हुन्छ । मानिसमा भएको प्रशस्त चाहना मध्ये कुनै चाहना तथा आवश्यकता थप भइरहेमा द्वन्द्व उत्पन्न हुने गर्दछ तर पनि चाहना र आवश्यकताको पूर्णता

भने कहिने पुरा हुदैन जुन प्राप्तिका लागि मानिस सदैव द्वन्द्व गरिरहेको हुन्छ। मानिसमा पूरा नहुने चाहना अनगिन्ति भएका कारणले मानिस मानिस वीचमा युद्ध , संघर्ष र वाद विवाद भइरहेको हुन्छ जसलाई नै द्वन्द्व भनिन्छ। हरेक संघ संस्थामा काम गर्ने कर्मचारीहरू विभिन्न पृष्ठभूमिवाट आउने गर्दछन र तिनिहरू प्रत्येकको आन्तरिक इच्छा , रुचि तथा आवश्यकता फरक फरक हुने भएका कारणले संस्थामा वाव विवाद हुनु स्वभाविक मानिन्छ। संस्थाको सकारात्मक परिवर्तनका लागि द्वन्द्व आवश्यक भएकोले यो पूर्णतया आवश्यकतामा आधारित छ, (थापा, श्रेष्ठ र सिग्देल २०६४) वाट  उदृत।

मार्क्स (१९४०) को दशकमा प्रतिपादन गरेको राजनैतिक सिद्धान्तलाई द्वन्द्वात्मक सिद्धान्त भनिन्छ। दार्शनिकको विचारमा द्वन्द्ववाद भनेको वाद, प्रतिवाद र संश्लेषणको निरन्तर रूप हो। कुनै पनि समाजको विकाशको बाटो द्वन्द्वमा आधारित हुन्छ। सामाज निश्चित वर्ग र विचारधाराबाट चलेकोले समाजको वर्गहरूको बीचमा द्वन्द्व हुन्छ। यो द्वन्द्व भनेको वाद र प्रतिवाद हो। वाद र प्रतिवादको वीचको द्वन्द्व निर्णायक विन्दुमा पुग्नु भनेको संश्लेषणको जन्म हुनु हो। जुन वाद र प्रतिवादबाट जन्मिएको नयाँ वाद हो। समाजमा जबसम्म वर्ग विभाजन रहन्छ, तवसम्म वाद, प्रतिवाद, संश्लेषण र पुनःवाद प्रतिवाद, संश्लेषणको प्रक्रिया चलिरहन्छ। यो प्रक्रियाको अन्त्य त्यसवेला मात्र सम्भव हुन्छ जुन वेला सामाज वर्गहीन हुन्छ। मार्क्सको विचारमा जुनसुकै समाजमा प्रमुख दुई वर्गहरू, शोषक वर्ग र शोषितवर्ग हुन्छन्। समाजको त्यो वर्ग जोसँग उत्पादनका साधानहरू हुन्छन्। त्यसलाई शोषक वर्ग र जोसँग शारिरीक श्रमवाहेक केही हुदैन त्यसलाई शोषित वर्ग भनिन्छ। मार्क्स भन्दछन् आजसम्म भएको समाजको इतिहास भनेको वर्ग संघर्षको ईतिहास हो। स्वतन्त्र मानिस दास अभिजात वर्ग र समान्य जनता सामन्त, किसान र कामदार एउटै शब्दमा भन्दा शोषक र शोषित सधै एक अर्काका विरोधमा कहिले खुलेर कहिले लुकेर निरन्तर युद्ध गरिरहेका हुन्छन्। यो नै समाजको द्वन्द्वानात्मक सिद्धान्त हो। समष्टि रूपमा भन्नु पर्दा मार्क्सको द्वन्द्ववादी सिद्धान्त अनुसार द्वन्द्व समाजमा सधैं विद्यमान हुन्छ। समाजिक द्वन्द्ववाद भनेको समाजको वर्ग संघर्ष हो। पुंजीवाद भनेको वाद हो, मजदुर वर्ग प्रतिवाद हो र साम्यवाद संशलेषण हो। उनको द्वन्द्ववाद सिद्धान्त अनुसार समाज नै विकाशको चरमअवस्था हो जब पुंजीवादका विरोधमा सर्वहारावर्गले सशस्त्र संघर्ष गर्दछ। तब मात्र समाजवादको स्थापना हुन्छ। यस अधिनायकवादले पूँजीवादका सम्पूर्ण अवशेषहरू खतम पार्दछ। यस पछि समाजवाद दोस्रो चरणमा प्रवेश गर्दछ। यो द्वन्द्वको अन्तिम प्राप्तिको

अवस्थाहो । जसलाई साम्यवाद भनिन्छ । साम्यवादको स्थापना भनेको वर्गविहीन समाजको स्थापना हो, यो द्वन्द्व समापनको अवस्थापनि हो । समाजिक द्वन्द्वनात्मक सिद्धान्तले समाज व्यक्ति र समाजिक क्रियाकलपलाई द्वन्द्वका आधारमा परिभाषित र मूल्याङ्कन गदै सामाजिक विकाश गर्ने कुरामा विश्वास गर्दछ, (शर्मा २०६२ बाट उदृत) ।

थोमस र मिल्ट (१९७०) का अनुसार  कुनै पनि संस्थामा द्वन्द्वलाई आवश्यक प्रक्रियाको रूपमा लिइन्छ । संघ संस्थाको सुधार, विकास र विस्तार, खोज, अनुसन्धानको लागि समेत द्वन्द्व आवश्यक मानिन्छ । यसमा द्वन्द्वको सकारात्मक नकारात्मक पक्षलाई ख्याल गरिन्छ । द्वन्द्व सकारात्मक पनि हुन सक्छ त्यसैले द्वन्द्व र दमनवाट अझ नकारात्मक परिणाम समेत उत्पन्न हुन सक्छ । एक अर्कामा प्रत्यक्ष मुकाविलाको सट्टा लुकेर षड्यन्त्रको तानावाना बुन्न लाग्दछ । फलस्वरूप समस्या समाधान गर्ने प्रयासमा नलागि आफ्ना विरोधीहरूलाई निर्मुल पार्ने तर्फ शक्ति खर्च गर्दछ । त्यसकारण द्वन्द्व समाधान गर्ने रणनीति दमन नभई प्रत्यक्ष समझदारी वा मुकाविलाबाट बढि प्रभावकारी हुन्छ भन्ने मान्यता यस सिद्धान्तको रहेको छ । यसलाई आपसी सम्बन्ध बादविवाद, छलफल, अन्तरक्रिया, कुराकानीलाई द्वन्द्व को स्वभाविक प्रक्रियाको रूपमा लिनुपर्दछ । विरोध विरोधका लागि नभई सुधारको रूपमा हुनुपर्ने धारणा यस सिद्धान्तको रहेको छ । यस किसिमले विद्यालयको धारणाले द्वन्द्वलाई पहिचान विहीन, अनुचित रूपले त्याग तथा सकारात्मक वलको रूपमा लिईन्छ । द्वन्द्वका केही सकारात्मक असरहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ । वहुमुखी विचार, भिन्नता र सिर्जनात्मक पक्षहरू हुन् । यद्यपि यो द्वन्द्वको एउटा सकारात्मक दृष्टिकोण समेत हो । त्यसैले यी मध्ये कुनै एकको प्रयोग यसमा लागु गरी प्रभावकारीमूलक सम्झौताको नीति विकाश गर्न सहयोग मिल्दछ । यहाँ हुने दुई ओटा समाधान/उपायहरूलाई थाहा पाउनु महत्वपूर्ण हुन्छ । एउटा उपाय भनेको सही पहिचान हो भने अर्को सुहाउँदो नीति र क्रिया हो, (कोइराला र श्रेष्ठ २०५९ बाट उदृत) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

युनेस्को (२०६२) का अनुसार द्वन्द्वलाई सामाजिक जीवनको अनिवार्य पक्षको रूपमा वर्णन गरेको पाईयो । द्वन्द्व विभिन्न विचार, मूल्यमान्यता र विश्वास द्वारा संचालित छ । द्वन्द्वको व्यवस्थापन विवेकपूर्ण र सिर्जनात्मक ढंगबाट गरिएमा यसले हरेक व्यक्तिमा फाईदा ल्याउँदछ भने द्वन्द्वको व्यवस्थापन कमजोर तरिकाबाट भएमा यसलाई मानविय सम्बन्ध,

पारिवारिक सम्बन्ध र समुदाय वीचको सम्बन्धलाई विनाश गर्दछ भन्ने कुरामा जोड दिएको पाइन्छ, (शर्मा, २०६२ बाट उद्दृत) ।

माथिको युनेस्कोको भनाई अनुसार द्वन्द्व विभिन्न विचार मूल्य मान्यताद्वारा सिर्जना हुने अनिवार्य पक्ष भएकोले यसलाई प्रतिस्पर्धा, सहभागिता र सहमतिद्वारा सम्वेदनशील ढंगबाट समाधान गर्नुपर्ने कुरा पाइएको छ ।

करभेटे (२००९) का अनुसार द्वन्द्व सिर्जना व्यक्तिको ईच्छा, आवश्यकता, विचार, रुचि र उद्देश्यमा विरोधका कारणले हुने गर्दछ भन्ने कुरामा यस अध्ययनले जोड दिएको पाईन्छ र द्वन्द्व व्यवस्थापनका तिन वटा उपायहरू : प्रतिस्पर्धा, सहभागिता र सहमति हुन् भन्ने कुरामा जोड दिएको पाइन्छ ।

व्यक्तित्व धारणा र हामीले दिएको मान्यता वीचको असहमतिलाई नै ग्रिफिसले द्वन्द्व भनेका छन् । उनको भनाई अनुसार द्वन्द्वमा सकारात्मक तथा नकारात्मक विशेषताहरू रहेको हुन्छ । तसर्थ सङ्गठनमा व्यवस्थापकले सकारात्मक तथा नकारात्मक द्वन्द्वको कारण समयमा नै छुट्टयाउन सक्नुपर्दछ । सकारात्मक पक्षको पहिचान गरी त्यसलाई व्यवस्थित गरिनु पर्दछ । द्वन्द्व हाम्रो जीवनको महत्वपूर्ण भाग हो । अधिकांश पक्षमा हामी जानी वा नजानी द्वन्द्व गरिरहेका हुन्छौं ।  सङ्गठनमा पनि धेरै मानिसहरू वीच कुनै कुरामा असमति हुनु अस्वभाविक होईन । यसरी हेर्दा द्वन्द्व प्राकृतिक छ तर द्वन्द्वका सकारात्मक र नकारात्मक दुवै परिणाम भएकोले द्वन्द्वबाट कामदारवीच  झै-झगडा, काम र कारवाही स्तब्ध भई सङ्गठनमा ताल्चा लाग्ने स्थिति आई पुग्नुलाई नकारात्मक द्वन्द्वको रूपमा विगतमा लिने गरिन्थ्यो । तर आजभोली द्वन्द्वले सङ्गठनलाई नयाँ बाटो दिने कामदारको उत्पादकत्व र कार्य सम्पादन लाई समेत बृद्धि गर्ने कारकतत्वको रूपमा द्वन्द्वलाई लिएको पाईन्छ, (थापा र सिग्देल, २०६४) ।

माथिको भनाइ अनुसार द्वन्द्व सकारात्मक नकरात्मक परिणाम भएकाले सकारात्मक रुपमा अवलम्बन गरी संगठनलाई नयाँ बाटो दिने साथै उत्पादकत्व क्षमता अभिवृद्धि गराउने कारक तत्व रहेकाले जिम्मेबार व्यक्तिले कार्यसफलताका लागि आ-आफ्नो काम कर्तव्य र अधिकार स्पष्ट हुनु पर्छ ।

आहुजा (१९९८) ले कर्मचारी व्यवस्थापन शीर्षकमा गरिएको अनुसन्धानमा सङ्गनात्मक द्वन्द्वको व्यवस्थापन सम्बन्धी अध्ययन गरेको पाइन्छ। उनले द्वन्द्व उत्पन्न हुनु भनेको प्राकृतिक रूपमा व्यक्ति वीचमा असहमति, प्रवृतिमा फरक, विश्वास मूल्यमान्यता र आवश्यकतामा भिन्नताका कारणले हुने गरेको कुरा वताएका छन्। द्वन्द्वको स्वरूपलाई निम्नानुसार प्रस्तुत गरिएकोछ : लक्ष्यमा भिन्नताः जब एक, एक व्यक्ति र एक समूहले भिन्न खालको उपलब्धि प्राप्त गर्न अरु व्यक्ति वाट खोजेको हुन्छ। त्यस वेला उत्पन्न द्वन्द्वलाई लक्ष्यमा भिन्नता कारणले भएको मानिन्छ। अस्पष्ट सम्बन्धः कुनै पनि सँघ संस्थामा व्यक्तिको काम, कर्तव्य र अधिकार अस्पष्ट भएमा द्वन्द्व सिर्जना हुन्छ। व्यवहारिक द्वन्द्वः व्यवहारिक द्वन्द्व त्यहाँ उत्पन्न हुन्छ जब एक व्यक्ति अथवा एक समूहको व्यवहार अर्को व्यक्ति वा समुहको लागी अस्वीकार हुन्छ त्यसवेला द्वन्द्व उत्पन्न हुन्छ।

माथिको भनाइअनुसार व्यक्तिको प्रवित्तिमा फरक, असहमति, विश्वास र आवश्यकतामा फरक आउनाले द्वन्द्व सिर्जना हुने भएकाले त्यस्ता विचारहरुलाई बहुआयामिक क्रियाकलापको आयामको रुपमा लिनु पर्ने कुरा स्पष्ट पाइएको छ।

जावादेकर (१९६७) का अनुसार द्वन्द्वको प्राकृतिक लक्षणहरूमा बन्दहड्ताल, तालावन्दी, विनाश, बाधा र तोफोड, अनसन आदी हुन्। यसरी द्वन्द्व भनेको उच्चतम र उत्कृष्ट निर्णय प्रक्रियाको तोडफोड गर्ने भनी बुझिन्छ। उनीहरूको विचारमा द्वन्द्व भनेको एक बहुआयामिक क्रियाकलाप हो जसलाई निम्नानुसार आयामहरू द्वारा व्याख्या विश्लेषण गरिएको छ :-व्यक्ति भित्रको द्वन्द्व, अन्तर वैयक्तिक द्वन्द्व, अन्तर समुहको द्वन्द्व, अन्तर सङ्गठनात्मक द्वन्द्व। द्वन्द्वलाई एक व्यवस्थापन अभ्यासको बृहत आयामको साधनको रूपमा लिईन्छ। आन्तरिक, वृहत, राष्ट्रिय, अन्तराष्ट्रिय, व्यक्तिगत र सामुहिक द्वन्द्वलाई वातावरणीय प्रणालीमा देखा परेका अभिमुखीकरण र मूल्यमान्यताको भिन्नताको रूपमा लिईन्छ।

माथिको भनाइअनुसार द्वन्द्व विभिन्न प्रकारका व्यक्ति, समूह, संगठन बीच रहने भएतापनि एक व्यवस्थापनको अभ्यासको रुपमा लिने हुनाले आफ्नो अस्तित्वको इन्कार नगरी सहजतापूर्वक ढंगबाट समाधानमा लम्कनु पर्ने बुझिएको छ।

उप्रेती (२००४) को भनाईमा द्वन्द्व भनेको इच्छा र रुचिमा भएको फाटो वा वेमेल भन्ने बुझिन्छ । द्वन्द्व त्यतिवेला हुन्छ जब दुई व्यक्ति अथवा सो भन्दा वढी मानिसहरू वीच विरोध, फुट तथा फाटो आउँछ । तिनीहरू वीचको आवश्यकता, चाहना, लक्ष्य अथवा मान्यताको कारणले द्वन्द्व उत्पन्न हुन्छ । द्वन्द्व प्रायः मानिसमा रीस, निराशा, चोट  चिन्ता र डरको कारणले हुने गर्दछ । द्वन्द्वको प्रकृतिको सुधार खास गरी द्वन्द्वको नजिक वा दुई व्यक्ति वीचको असमझदारी हो । द्वन्द्वको समाधान जहाँ द्वन्द्वको लामो अस्तित्वको ईन्कार हुन्छ त्यहाँ द्वन्द्व व्यवस्थापन हुन्छ ।

प्रधान (२०६०) का अनुसार द्वन्द्व व्यवस्थापनको अध्ययन अनुसान्धान अनुसारः- "द्वन्द्व जीवनको अपरिहार्य चिज हो ।" द्वन्द्वको अर्थ सँधै नराम्रो वा नकारात्मक भन्ने हुदैन । त्यस्तै समाजको परिवर्तन द्वन्द्व विना हुन सक्दैन । द्वन्द्व हाम्रो जीवनको एउटा महत्वपूर्ण भाग भएको कारण जीवन परिवर्तनका लागि द्वन्द्व गर्ने गरिन्छ । सकारात्मक द्वन्द्वले शान्ति, न्याय र प्रगतिको प्रतिविम्बन गर्दछ भने नकारात्मक द्वन्द्वले असमान्ता, हिंसा र विकासको बाधकको प्रतिनिधित्व गर्दछ  ।

माथिको भनाइअनुसार सिंगो समाजका लागि सकारात्मक द्वन्द्व आवश्यक भएकाले शान्ति शिक्षा कार्यक्रम अवलम्बन गरी सम्बधात्मक सिपहरुको विकास गर्न सक्ने कुरा स्पष्ट हुन आएको पाइन्छ ।

शर्मा (२००९) का अनुसार विद्यालयमा हुने गरेको वालवालिकाको शान्ति शिक्षाको कार्यक्रमको प्रभाव भन्ने शीर्षकमा गरिएको अध्ययन अनुसन्धान अनुसार द्वन्द्व सधै भरि विनाशकारी हुदैन जब मानिस आफ्नो सोचलाई सम्पूर्ण सन्तुष्टि प्राप्तिको बाटो तर्फ विकास गर्दछ । त्यतिवेला द्वन्द्व संरचनात्मक किसिमको हुन्छ भन्ने उनको भनाई छ । त्यस्तै सक्रिय सुनाई, सिर्जनात्मक समस्या समाधान, सम्झौता, आत्मनिभर, मध्यस्तता, जसले मानिसको द्वन्द्व लाई संरचनात्मक तरिकाले सम्बोधन गर्न अनुमति प्रदान गरेको हुन्छ । शान्तिशिक्षा कार्यक्रमले विवेकपूर्ण सम्बन्धनात्मक सोचको लागि अग्रिम जानकारी दिएकोछ । यसरी शान्ति शिक्षा कार्यक्रमले यस्ता सम्बन्धनात्मक सीपहरूको विकास गर्न महत्वपुर्ण भूमिका खेलेको हुन्छ ।

केली (१९८७) ले द्वन्द्वलाई एक आकर्षण गर्ने तर वारम्वार असमझदारीको विषयको रूपमा लिइन्छ, जसद्वारा विचार योग्य तथा अर्थपुर्ण तरिकाको स्थापना भई द्वन्द्व समाधानमा सहयोग पुग्नेछ । उनको विचार अनुसार "द्वन्द्व एक प्रक्रिया हो, जसले एक समुहको निराशा वा केहि व्यक्तिहरूको रुचिमा पर्न गएको वाधालाई समेत हेर्दछ ।" राजनैतिक अर्थमा द्वन्द्वलाई युद्ध, क्रान्ति, संघर्ष तथा दबाव सिर्जना गर्ने साधनको रूपमा लिईन्छ । उचित सामाजिक व्यवस्थापन वा समाधान विना द्वन्द्वले सरोकारवालहरूमा सामाजिक तनाव र धम्कीको परिणाम दिन्छ ।

जोन्स (२००७) का अनुसार : "वृद्धि हुनु, परिवर्तन हुनु र वाँच्न सक्नेगरी एउटा संस्थाले सहयोग र प्रतिस्पर्धा दुवै कुराको व्यवस्था सेवाग्राहीलाई दिनुपर्दछ । भने प्रत्येक सेवा ग्राहीको समुहसँग आफ्नै खालको लक्ष्य र रुचिलाई पछ्याउदै फड्को मार्दै जाँदा लक्ष्यलाई अवरोध खडा गर्नाले द्वन्द्व उत्पन्न हुने कुरा उहाँको विश्लेषण रहेको छ ।" तसर्थ द्वन्द्वलाई निम्न उपायहरूद्वारा समाधान तथा व्यवस्थापन गर्ने उपाय उल्लेख गरेको छ :-संस्थाको स्रोतहरूको पहिचान र विश्लेषण गरेर, संस्थाको संरचनामा परिवर्तन तथा पुनः निर्माण द्वारा अन्तर निहित स्रोतहरूको परित्याग गरेर द्वन्द्व समाधान गर्न, यदि यस्ता समस्या उन्मुलन गर्न नसकेको खण्डमा द्वन्द्वको समाधानको उपाय पहिले नै पता लगाएर, द्वन्द्व समाधानको तरिका तथा विधि पत्ता लगाए । द्वन्द्व जीवनको वास्तविकता र व्यक्तिको रुचि, ईच्छा, आवश्यक्ता, लोभले अर्को व्यक्तिको ईच्छा र मुल्य मान्यतामा विरोध हुने भएकोले यसलाई मानसिक संघर्ष पनि भनिएको छ । यदि द्वन्द्वलाई नराम्ररी अगाडी बढाईयो भने यसले आफैं र अरुमा पनि अविश्वास, चिन्ता, र असन्तुष्टि पैदा गर्दछ । द्वन्द्व व्यवस्थापनको मुख्य अवधारणा भनेको नै द्वन्द्वलाई विनाशकारी तथा कुकार्यको रूपमा लिनु हुदैन । वास्तवमा द्वन्द्व आफैं स्वस्थ्य र उत्पादनमुखी हो । कमजोर तरिकाको द्वन्द्व व्यवस्थापनले कुनै पनि कार्यलाई विगादर्छ । यदि द्वन्द्व व्यवस्थापन विवेकपूर्ण र सिर्जनात्मक ढङ्गले गरियो, भने द्वन्द्वले हरेकमा राम्रो फाईदा दिन सक्छ । त्यसैले व्यक्तिको रुचिमा, उत्तेजना, सञ्चारमा सुधार र प्रगतिमा सामाजिक परिवर्तन ल्याउँदछ ।

थापा (२००५) ले युनेस्को म्यानुअलले द्वन्द्व व्यवस्थापनको ४ ओटा तहहरू : सचेतता, जनचाहना, स्वीकार गर्नु, विश्लेषण गर्नु, सुहाँउदो क्रिया हो भन्ने कुरामा जोड दिएको पाइन्छ ।

माथिको विचार अनुसार द्वन्द्वलाई विवेकपूर्ण तरिकाले गरियो भने उत्पादनमूखी हुने द्वन्द्वको पहिचान विश्लेषण तथा संस्थाको संरचनामा परिवर्तन गर्न आवश्यक देखिएको छ ।

यी माथिका चार उपायहरूको सह सम्बन्धको अध्ययन गर्दा धेरै जसो नेपालका विद्यालयहरूले यस्ता द्वन्द्व व्यवस्थापनको समस्या सामना गरिरहेका छन् । जस्तो की विद्यालयमा विद्यालयमा द्वन्द्व व्यवस्थापनसम्बन्धी अनुसन्धान यो भन्दा अगाडी भएको पाईदैन । जसले गर्दा अनुसान्धान कर्ताले विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका भन्ने शीर्षकमा मोरङ जिल्लाको १० ओटा सामुदायिक विद्यालयहरूमा अनुसन्धान गरिएको छ ।


## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

यस अध्ययनबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न प्रयोग गरिएका सिद्धान्तले विद्यालयको विद्यालयमा उत्पन्न द्वन्द्वको व्यवस्थापन गर्ने कार्यका बारेमा व्याख्या गर्न सहयोग गरेको छ । सम्बन्धित साहित्यको पुनरावलोकनबाट अहिलेसम्म यस विषयसँग सम्बन्धित भई स्थापित भएका सिद्धान्तहरु र सिद्धान्तहरुले बनाएका मूलभूत पक्षहरुको अध्ययन गरी सोही अनुसार विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्न सकिन्छ । सम्बन्धित साहित्यको पुनरावलोकनबाट विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिकाले के कस्तो प्रभाव पारेको छ सोको अध्ययन गर्न विद्यालयको शिक्षण सिकाइ प्रक्रियामा देखिएका समस्याहरु केलाउँन र द्वन्द्व उत्पन्न हुने स्रोतहरुको पहिचान गरी त्यसको लागि द्वन्द्व न्यूनीकरणका उपायहरुको खोजी गर्न सहयोग पुर्‍याएको छ । साथै सैद्धान्तिक ढाँचा निर्माण गर्न र शोध पत्रलाई निर्देशित बाटोमा हिडाउन सहयोग पुर्‍याएको छ ।

## २.४ अवधारणात्मक खाका

यो शोध अध्ययन निम्नानुसार अवधारणात्मक खाकामा आधारित रहेको छ

**अवधारणात्मक खाका**



प्रस्तुत शोध विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन अन्तर्गत हुने भएकोले द्वन्द्व एक सहजप्रक्रिया भएको हुँदा विद्यालयमा जोडिने विभिन्न पक्षहरु वि.व्य.स., प्र.अ., विद्यार्थी, राजनीतिक पक्ष तथा विभिन्न वातावरणबाट सिर्जित विभिन्न तरिकाबाट द्वन्द्व देखा पर्ने गर्छ। उक्त द्वन्द्व निराकरणका लागि शिक्षकले आफ्नो कुशलता प्रस्तुत गरी समाधान गर्नु पर्ने हुन आउँछ। जसबाट विद्यालयको सिंगो पक्षमा सकारात्मक सुधार देखाउन सकिने कुरा सम्भव रहेको छ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

## ३.१. अध्ययनको ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिका आवश्यकता पर्दछ । अनुसन्धानका लागि तयार पारिने विस्तृत योजना नै अनुसन्धान ढाँचा हो । यो अध्ययनका लागि परिमाणात्मक र गुणात्मक दुवैको मिश्रित अनुसन्धान ढाँचा अपनाएको छ । यस अध्ययनको उद्देश्य प्राप्तिका लागि प्राथमिक तथा द्वितीय तथ्याङ्क संकलन विधिलाई आधार मानेर अध्ययन गरिएको छ साथै सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तर्वार्ता, अवलोकन अभिलेख जस्ता साधनको प्रयोगबाट प्राप्त साङ्ख्यिक र असाङ्ख्यिक तथ्याङ्कलाई व्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ ।

## ३.२. जनसङ्ख्या, नमुना, नमुना छनोट रणनीति

### ३.२.१ जनसंख्या

प्रस्तुत अध्ययनमा  विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापनका लागि मोरङ जिल्लाको मच्छिन्द्र उच्च मा.वि. स्रोत केन्द्रमा पर्ने १६ ओटा प्रा.वि, ५ ओटा नि.मा.वि., ५ ओटा मा.वि. र २ उच्च मा.वि गरी जम्मा २८ ओटा सामूदायिक विद्यालयहरू रहेका छन् । यी २८ ओटा सामूदायिक विद्यालयहरूका २८ जना प्र.अ., २८ जना वि.व्य.स. अध्यक्षहरू र २८ जना शिक्षक अभिभावक सङ्घका अध्यक्षहरू, २८ जना शिक्षक प्रतिनिधिहरू र १ जना स्रोत व्यक्ति गरी त्यहाँ अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.२.२ नमुना छनोट

यस अध्ययनले विद्यालयको द्वन्द्व व्यवस्थानका लागि मोरंङ जिल्लाको मच्छिन्द्र उच्च मा.वि. स्रोत केन्द्र अन्तर्गत पर्ने विद्यालयहरूबाट १० जना प्र.अ., १० जना वि.व्य.स.का अध्यक्षहरू, १० जना स्थानिय वुद्धिजीवि, २० जना शिक्षकहरू र २० जना विद्यार्थीहरू गरी जम्मा ७० जनालाई नमुना जनसंख्याको रुपमा छनोट गरिएको छ ।

| क्र.सं. | विवरण | जम्मा जनसंख्या | नमुना जनसंख्या | सर्वेक्षणको आधार |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | २८ | १० | उद्देश्यमूलक नमुना छनौट |
| २ | वि.व्य.स.अध्यक्ष | २८ | १० | सम्भावनायुक्त नमुना छनोट |
| ३ | बुद्धिजीवि | २८ | १० | सम्भावनायुक्त नमुना छनोट |
| ४ | शिक्षक | २८ | २० | उद्देश्यमूलक नमुना छनोट |
| ५ | विद्यार्थी | २८ | २० | चिट्ठा विधि |

प्रस्तुत तालिकाबाट विद्यार्थीको शिक्षण सिकाइ उद्देश्यमूलक प्रभावकारी तथा दीर्घकालिन बनाउन विभिन्न सरोकारवाला व्यक्तिबाट द्वन्द्व उत्पन्न हुने भएकाले आशातित प्रगति गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन अवलम्बन गर्नु पर्ने सम्भावित कार्यको खोजी गरिएको छ ।

### ३.२.३ नमुना छनोट रणनीति

प्रस्तुत अध्ययनमा शिक्षक र प्र.अ.को छनौटको लागि उद्देश्यमूलक नमुना छनौट विधि, वि.व्य.स. अध्यक्षहरू र स्थानिय वुद्धिजीविहरूको छनौटको लागि सामान्य सम्भावनायुक्त नमुना छनोट विधि र विद्यार्थी छनौटका लागि चिट्ठा विधिको प्रयोग गरी नमुना छनोट गरिएको छ । यस अध्ययनको उद्वेश्यलाई पूरा गर्नका लागि भौगोलिक आधारमा सुगमता, दुर्गमता, लैङ्गिक, आर्थिक, समय र लागानीका आधारमा मच्छिन्द्र उच्च मा.वि. स्रोत केन्द्रमा पर्ने १० ओटा सामूदायिक विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

अनुसन्धान कार्य सम्पन्न गर्नका निम्ति नमुनाको आवश्यकता पर्दछ । ती नमुना छनौट गर्दा विविधतालाई ध्यान पुऱ्याएर गर्नु पर्ने हुन्छ । यस अनुसन्धानमा विद्यालयहरुको छनौट गर्दा सुगमता र दुर्गमताका साथै विद्यालयहरुको तहगत प्रतिनिधित्व हुने गरी मा.वि. र नि.मा.वि.

तहलाई आधार मानिएको छ । त्यसैगरी सामाजिक, सांस्कृतिक परिवेशलाई समेत आधार मानिएको छ ।

### ३.३ अध्ययनको क्षेत्र

यो अध्ययन मोरङ जिल्लाको मच्छिन्द्र उच्च मा.वि. स्रोत केन्द्र अन्तर्गतका नि.मा.वि. र मा.वि गरी १० वटा विद्यालयमा सीमित गरिएको छ । जसमध्ये नि.मा.वि. तर्फको कक्षा ७ र ८ मा अध्ययनरत १० जना छात्रछात्रा, मावि तर्फ कक्षा ९ र १० मा अध्ययन गर्ने १० जना छात्रछात्रा, १० जना प्र.अ., २० जना शिक्षक, १० वि.व्य.स. अध्यक्ष र १० जना स्थानीय बुद्धिजीवीहरुमा सीमित गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरु

यस अध्ययनमा पूर्व निर्धारित उद्देश्यहरू पूरा गर्न प्रत्यक्ष अवलोकन, अन्तरवार्ता र प्रश्नावलीलाई अनुसन्धानका साधनहरूको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । साथै यस अध्ययनमा नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूबाट आवश्यक जानकारी प्राप्त गर्नका लागि प्रश्नावलीको प्रयोग गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, बुद्धिजीवि र विद्यार्थीहरूबाट प्राप्त जानकारी तथा तथ्याङ्क संकलन गर्नका लागि अन्तरवार्ता सूची तथा उनीहरूसँग प्रत्यक्ष छलफल गरिएको छ ।

अनुसन्धानका लागि आवश्यक साधनलाई वैद्य वनाउन अनुसन्धानकर्ताले शोध निर्देशकसंग छलफल गरी त्यहाँवाट प्राप्त सल्लाह र सुझावहरूलाई समावेश गरिएको छ । शोधकर्ताले पहिले नै शोध पत्र तयार गरिसकेका अनुभवीसाथीहरू संग छलफल गरी तथ्याङ्कका साधनलाई वैद्य वनाउने प्रयास गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यो शोध पत्र लेखनको शिलशिलामा विभिन्न स्रोतवाट प्राप्त सुचना सम्बन्धीत साहित्यको लेख रचना, प्रतिवेदन, पुर्व शोधपत्र, शिक्षा ऐन तथा नियमावली, सरोकारवाला व्यक्तिहरूको सल्लाह सुझाव विभिन्न सैद्धान्तिक दृष्टिकोणलाई समेत आधार बनाई तयार गरिएको छ । शोधपत्रलाई तथ्यपरक र व्यवहारिक वनाउनका लागि शोधकर्ताले छनोट गरेको सम्बन्धित

विद्यालयमा गई आवश्यक तथ्याङ्क, प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, वुद्धिजीवि र विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

यस अध्ययनमा सामुदायिक विद्यालयहरूको द्वन्द्वको अवस्था पहिचान गर्न र उक्त विद्यालयहरुमा उत्पन्न द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिकाले पारेको प्रभावलाई अध्ययन गर्नका लागि सङ्कलित तथ्याङ्कहरूलाई व्याख्या र विश्लेषण गर्दै तालिकीकरण गरी त्यसलाई स्तम्भ चित्रमा प्रतिशतमा निकाली तुलनात्मक रूपले परिमाणात्मक र गुणात्मक दुवै तरिकाले व्याख्या तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

तथ्याङ्कको व्याख्या र विश्लेषणले यस अध्ययनको मुख्य बुँदाहरूलाई जोड दिएको छ। वर्तमान अध्ययन विद्यालयको द्वन्द्व व्यवस्थापनका लागि शिक्षकको भूमिका के हो ? भन्ने विषयमा सामुदायिक १० ओटा विद्यालयहरूलाई समावेश गरिएको छ। अनुसन्धानकर्ताले विद्यालयमा द्वन्द्वको विद्यमान अवस्था, द्वन्द्व उत्पन्न हुने स्रोतहरूको पहिचान र द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिकाको लेखाजोखा गर्ने र विद्यालयमा द्वन्द्व न्यूनीकरणका उपायहरू सुझाउन यो अनुसन्धान कार्य गरिएको छ।

## ४.१ विद्यालयमा द्वन्द्वको विद्यमान अवस्था

नमुना छनौटमा परेका विद्यालयहरु मध्ये विद्यालयमा उत्पन्न हुने द्वन्द्वको विद्यमान अवस्थाहरुमा भाषिक द्वन्द्व, जातीय द्वन्द्व, लिङ्गीय द्वन्द्व, शिक्षक र विद्यार्थी बीचको द्वन्द्व, लक्ष्य सम्बन्धी द्वन्द्व र नीतिगत द्वन्द्वहरु रहेका छन्। जसलाई निम्न तालिकामा देखाइएको छ :

**तालिका १ : विद्यालयमा द्वन्द्वको विद्यमान अवस्था**

| क.सं. | द्वन्द्वको अवस्था तथा प्रकार | प्र.अ. | | शिक्षक | | वि.व्य.स. अध्यक्ष | | बुद्धिजीवी | | विद्यार्थी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भाषिक द्वन्द्व | १ | १० | ४ | २० | २ | २० | १ | १० | ३ | १५ |
| २ | लिङ्गिक द्वन्द्व | ३ | ३० | ६ | ३० | ३ | ३० | ४ | ४० | ७ | ३५ |
| ३ | जातिय द्वन्द्व | २ | २० | ३ | १५ | १ | १० | २ | २० | ४ | २० |
| ४ | विद्यार्थी शिक्षक बीचको द्वन्द्व | १ | १० | २ | १० | १ | १० | - | - | २ | १० |
| ५ | लक्ष्य सम्बन्धी द्वन्द्व | १ | १० | २ | १० | १ | १० | २ | २० | २ | १० |
| ६ | नीतिगत द्वन्द्व | २ | २० | ३ | २ | २ | २० | १ | १० | २ | १० |
| जम्मा | | १० | १०० | २० | १०० | १० | १०० | १० | १०० | २० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२*

प्रस्तुत तालिकामा विद्यालयको द्वन्द्वको अवस्थालाई विभिन्न व्यक्तिहरुबाट प्राप्त प्रतिक्रियाका आधारमा संख्या र प्रतिशत दुवैमा देखाइएको छ । विद्यालयको द्वन्द्वको विद्यमान अवस्थामा भाषिक द्वन्द्व, लिङ्गिय द्वन्द्व, जातिय द्वन्द्व, शिक्षक र विद्यार्थी बीचको द्वन्द्व, लक्ष्य सम्बन्धी द्वन्द्व र नीतिगत द्वन्द्व रहेका छन् ।

नमूना छनौटमा परेका विद्यालयहरुमा द्वन्द्वको अवस्थालाई अध्ययन गर्दा विद्यालयमा विद्यार्थी-विद्यार्थी बीचमा भाषाको कारणले द्वन्द्व उत्पन्न हुने गरेको पाइयो । एउटै विद्यालयमा विभिन्न भाषा बोल्ने विद्यार्थीहरुको अध्ययनरत रहेको हुँदा तिनीहरु बीचमा एकले बोलेको कुरा अर्कोले नबुझेको कारणबाट झै झगडा, बादविवाद, लडाई समेत हुने भएकोले यस किसिमबाट उत्पन्न लाई भाषिका द्वन्द्व मानिएको पाइयो । यसरी सो धारणा व्यक्त गर्नेहरुमा विद्यालय प्र.अ. १ जना अर्थात १० प्रतिशत, शिक्षकहरु ४ जना अर्थात २० प्रतिशत, वि.व्य.स. अध्यक्ष २ जना अर्थात् २० प्रतिशत, स्थानीय बुद्धिजीवि १ जना अर्थात् १० प्रतिशत र विद्यार्थीहरु ३ जना अर्थात् १५ प्रतिशत रहेका छन् ।

विद्यालयमा उत्पन्न द्वन्द्वको विद्यमान अवस्थामा लिङ्गीय द्वन्द्व पनि एक हो । नमूना छनौटमा परेका विद्यालयहरुमा कक्षा, ७, ८, ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरु बीचमा विशेष गरेर यस किसिमको द्वन्द्व उत्पन्न हुने गरेको पाइयो । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा छात्र र छात्रा अर्थात केटा र केटी बीचमा तिनीहरुको आवश्यकता, इच्छा, चाहना आदत र शारीरिक स्थिति जस्ता कारणले गर्दा लैगिंक भेदभाव हुन गई द्वन्द्व उत्पन्न हुने गरेको पाइयो । विशेष गरी केटा र केटी विद्यार्थीहरुमा यौवनाअवस्थाको शुरुवातले गर्दा तिनीहरुमा आएको शारीरिक परिवर्तनले मानसिक विचलन ल्याई द्वन्द्व उत्पन्न गराउन ठूलो भूमिका खेल्ने गरेको पाइयो । सो धारणा व्यक्त गर्नेहरुमा विद्यालय प्र.अ. ३ जना अर्थात् ३० प्रतिशत, शिक्षकहरु ६ जना अर्थात् ३० प्रतिशत, वि.व्य.स. अध्यक्ष ३ जना अर्थात् ३० प्रतिशत, स्थानीय बुद्धिजीवि ४ जना अर्थात् ४० प्रतिशत र विद्यार्थीहरु ७ जना अर्थात् ३५ प्रतिशत रहेका छन् ।

विद्यालयमा द्वन्द्वको विद्यमान अवस्थामा जातिय द्वन्द्व पनि रहेको पाइयो । एउटै विद्यालयको एउटै कक्षामा विभिन्न जात, जातिका विद्यार्थीहरु र विभिन्न भाषा भाषिका विद्यार्थीहरुका साथै लैगिंक रुपमा केटा र केटी विद्यार्थीहरु अध्ययनरत हुन्छन् । एउटा कक्षामा अध्ययनबाट विद्यार्थीहरुमा फरक-फरक सामाजिक पृष्ठभूमिबाट विद्यालयमा आउने हुँदा तिनीहरु बीचमा

सानो र ठूलो जातको भावना द्वन्द्व उत्पन्न हुने गरेको कुरा अध्ययनबाट प्राप्त भयो । सो धारणा व्यक्तगर्नेहरुमा प्र.अ. २ जना अर्थात २० प्रतिशत, शिक्षकहरु ३ जना अर्थात १५ प्रतिशत, वि. व्य. स. अध्यक्ष १ जना अर्थात १० प्रतिशत, स्थानीय बुद्धिजीवि १जना अर्थत २० प्रतिशत र विद्यार्थीहरु ४ जना अर्थात २० प्रतिशत रहेको छन् ।

विद्यालयमा द्वन्द्वको विद्यमान अवस्थामा विद्यार्थी र शिक्षक बीचको द्वन्द्व रहेको छ । शिक्षकलाई शिक्षणका क्रममा बालवालिकाको प्रकृति, स्तर, इच्छा, रुचि, आवश्यकता, प्रवृतिहरुको जानकारी नराख्दा शिक्षण सिकाइमा समस्या बन्न गई द्वन्द्व उत्पन्न हुन्छ । यसैगरी शिक्षकमा शिक्षण विधि र शिक्षण सामाग्रीको बारेमा के, कसरी, कुन, कुन अवस्थामा र कुन उद्देश्यको निमित्त प्रयोग गर्ने बिषयमा ज्ञान नहुदा शिक्षण सिकाई अप्रभावकारी बन्न गई शिक्षक र विद्यार्थी बीचमा द्वन्द्व उत्पन्न हुने गर्दछ । सो धारणा व्यक्त गर्नेहरुमा प्र.अ. १ जना अर्थात १० प्रतिशत, शिक्षकहरु २ जना अर्थात १० प्रतिशत, वि.व्य.स. अध्यक्ष १ जना अर्थात १० प्रतिशत, विद्यार्थीहरु २ जना अर्थात १० प्रतिशत रहेका छन् ।

विद्यालयमा द्वन्द्वको विद्यमान अवस्थाहरुमा लक्ष्य सम्बन्धी द्वन्द्व पनि एक हो । यस्तो किसिमको द्वन्द्व विद्यार्थी-विद्यार्थी बीचमा देखा पर्दछ । एउटै कक्षामा विभिन्न तहका विद्यार्थीहरु अध्ययनरत हुन्छन् । कोही तिखो मस्तिष्कका हुन्छन् त कोही मध्यम तथा निम्न । यसरी विभिन्न प्रकृतिका विद्यार्थी भएका कारणले तिनीहरुको लक्ष्यमा समेत फरक हुने हुँदा, मध्यम र निम्न स्तरका विद्यार्थीहरुमा रहेका लक्ष्य सँग तिखो (जान्ने) विद्यार्थीको लक्ष्यसँग मेल नखाने हुँदा द्वन्द्व उत्पन्न गरेको पाइयो । सो धारणा व्यक्त गर्नेहरुमा प्र.अ. १ जना अर्थात १० प्रतिशत, शिक्षकहरु २ जना अर्थात १० प्रतिशत, वि.व्य.स. अध्यक्ष १ जना अर्थात १० प्रतिशत, बुद्धिजीवि २ जना अर्थात २० प्रतिशत विद्यार्थीहरु २ जना अर्थात १० प्रतिशत रहेका छन् ।

विद्यालयमा द्वन्द्वको विद्यमान अवस्थामा नीतिगत द्वन्द्व पनि एक हो । यस्ता किसिमको द्वन्द्व विद्यालयमा प्र.अ. र अध्ययनरत विद्यार्थीहरु बीचमा उत्पन्न हुने गर्दछ । विद्यालयको संरचनात्मक परिवर्तन भएमा संख्याको नयाँ परिवर्तन नीति, नियम तथा कानुनको बोध विद्यार्थीहरुमा नहुँदा द्वन्द्व उत्पन्न हुने गरेको पाइयो । सो धारणा व्यक्त गर्नेहरुमा प्र.अ. २ जना अर्थात २० प्रतिशत, शिक्षकहरु ३ जना अर्थात १५ प्रतिशत, वि.व्य.स. अध्यक्ष २ जना

अर्थात २० प्रतिशत, बुद्धिजीवि २ जना अर्थात २० प्रतिशत विद्यार्थीहरु ३ जना अर्थात १५ प्रतिशत रहेका छन् ।

यसरी वि.व्य.स. र बुद्धिजीवि व्यक्तिहरूको प्रतिक्रिया फरक- फरक छ । बुद्धिजीवि व्यक्तिहरूको दाबी पनि छ कि यो एउटा दृष्टिकोण मात्र होईन तर जसले विद्यालयमा सम्बन्ध राखी त्यहाँबाट फाईदा लिन चाहने सोच भएका मानिस वास्तवमा हामी भन्दा फरक हुन्छन् भन्ने कुरामा जोड दिएका छन् । उनीहरूको दावी प्राकृतिक देखिन्छ । तर हामी दावी गर्देनौ कि वास्तविक तथ्य के हो ? हामी भन्न सक्छौं छनौट गरिएका यी १० ओटा सामुदायिक विद्यालयमा द्वन्द्व नियन्त्रण भन्दा बाहिर छैन । विद्यालयमा द्वन्द्व उत्पन्न हुनु कुनै नौलो कुरा होईन । द्वन्द्व संघसंस्थाको सुधार तथा परिवर्तनका लागि आवश्यक मानिन्छ । यसरी विद्यालयहरूमा द्वन्द्वको अवस्था समान्य रहेको पाईन्छ । थोमस र मिल्टले प्रतिपादन गरेको प्रतिक्रियात्मक सिद्धान्त अनुसार कुनै पनि संस्थामा द्वन्द्वलाई आवश्यक प्रक्रियाको रूपमा लिईन्छ । संघसंस्थाको सुधार, विकास, विस्तार, र खोज अनुसन्धानका लागि समेत द्वन्द्व आवश्यक भएकोले र विद्यालयमा द्वन्द्वको अवस्था सोही अनुसार सामान्य रहेकोले पनि यो व्यवहारीक रूपमा मेल खाएको देखिन्छ ।

### ४.१.१ विद्यालयमा उत्पन्न द्वन्द्वको प्रकृति

द्वन्द्व विभिन्न ठाउँ, व्यक्ति र अवस्थामा भिन्न भिन्नै किसिमले उत्पन्न हुने भएता पनि द्वन् द्व राजनीतिक आर्थिक, सामाजिक, नैतिक कारणले उत्पन्न हुने गर्दछ । यसरी नमुना छनौटमा परेका विद्यालयमा उत्पन्न हुने द्वन्द्वको प्रकृतिहरु सम्बन्धी विवरण निम्नानुसार रहेको पाइयो ।

**तालिका २ : विद्यालयमा उत्पन्न द्वन्द्वको प्रकृति**

| क्र.सं. | द्वन्द्वको प्रकृति | प्र.अ. | | शिक्षक | | वि.व्य.स. अध्यक्ष | | बुद्धिजीवि | | विद्यार्थी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १ | विद्यार्थी-विद्यार्थी बीचको द्वन्द्व | ४ | ४० | १० | ५० | ६ | ६० | ५ | ५० | ८ | ४० |
| २ | शिक्षक र विद्यार्थी बीचको द्वन्द्व | २ | २० | ३ | १५ | २ | २० | २ | २० | ५ | २५ |
| ३ | शिक्षक शिक्षक बीचको द्वन्द्व | २ | २० | ३ | १५ | १ | १० | १ | १० | ४ | २० |
| ४ | प्र.अ. र शिक्षक बीचको द्वन्द्व | २ | २० | ४ | २० | १ | १० | २ | २० | ३ | १५ |
| जम्मा | | १० | १०० | २० | १०० | १० | १०० | १० | १०० | २० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२*


प्रस्तुत तालिकाका आधारमा विद्यालयमा उत्पन्न द्वन्द्वको प्रकृतिहरुमा विद्यार्थी-विद्यार्थी बीचको द्वन्द्व रहेको छ। एउटै कक्षामा अध्ययनरत विद्यार्थीहरुमा म फरक इच्छा, चाहना, रुची र आवश्यकताका कारणले तिनीहरु बीचमा द्वन्द्व उत्पन्न हुने गर्दछ। बालबालिकाको वैयक्तिक भिन्नता फरक लाउनुमा उमेर, रुची, वातावरणीय अनुभव, वैयक्तिक तत्व, लैगिंक, जातीय पृष्ठभूमि, मनोवृति र अभिरुची तथा आकांक्षाले प्रमुख भूमिका खेलेको पाइन्छ। यसरी विद्यार्थी विद्यार्थी बीच उत्पन्न द्वन्द्वमा विभिन्न उत्तरदाताहरुमध्ये प्र.अ. ४ जना अर्थात ४० प्रतिशत, शिक्षकहरु १० जना अर्थात ५० प्रतिशत, वि.व्य.स. अध्यक्ष ६ जना अर्थात ६० प्रतिशत, स्थानीय बुद्धिजीवि ५ जना अर्थात ५० प्रतिशत, विद्यार्थीहरु ८ जना अर्थात ४० प्रतिशतले आ-आफ्नो धारणा व्यक्त गरेका छन्।

विद्यालयमा उत्पन्न हुने द्वन्द्वको प्रकृतिहरूमा शिक्षक र विद्यार्थीहरू बीचको द्वन्द्व पनि एक हो । शिक्षक र विद्यार्थी बीचमा द्वन्द्व उत्पन्न हुने कुरामा विभिन्न उत्तरदाताहरू मध्ये १४ जना अर्थात शत प्रतिशतको धारणा सकारात्मक रहेको पाइन्छ । सो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्र.अ. २ जना, शिक्षकहरू ३ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष २ जना, स्थानीय वुद्धिजीवि २ जना र विद्यार्थीहरू ५ जना रहेका छन् । त्यसैगरी विद्यालयमा शिक्षक र शिक्षकहरू बीचमा पनि द्वन्द्व उत्पन्न हुने गरेको पाइयो । विभिन्न उत्तरदाताहरू मध्ये ११ जना अर्थात ७५ प्रतिशतको धारणा सकारात्मक रहेको पाइन्छ । यसरी सो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापक २ जना, शिक्षकहरू ३ जना, वि.व्य.स.अध्यक्ष १ जना, स्थानीय वुद्धिजीवि १ जना र विद्यार्थीहरू ४ जना रहेका छन् ।

प्र.अ.र शिक्षक बीचमा द्वन्द्व उत्पन्न हुने कुरामा उत्तरदाताहरू मध्ये १० जना अर्थात ८५ प्रतिशतको धारणा सकारात्मक रहेको पाइन्छ । सो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापक २ जना, शिक्षकहरू ४ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १ जना, स्थानीय वुद्धिजीवि २ जना र विद्यार्थीहरू ३ जना रहेका छन् ।

यसरी विद्यालय एक सार्वजनिक तथा सामाजिक संस्था हो । यहाँ वहुजाती, वहुसांस्कृति र वहुभाषिक मानिसहरू अध्ययन र अध्यापनका लागि आउने भएकाले तिनीहरू वीचमा मदभेद तथा वादविवाद हुनु कुनै नौलो विषय होईन । त्यसकारण संस्थामा सङ्लग्न व्यक्तिहरू वीच संघर्ष तथा द्वन्द्व भईनैरहेको हुन्छ । मार्क्सको द्वन्द्वात्मक सिद्धान्त अनुसार जुनसुकै संस्थामा दुई वर्गहरू हुन्छन् : शोषक र शोषित । यी दुई वर्गहरूको वीचमा एक अर्कामा कहिले खुलेर त कहिले लुकेर निरन्तर युद्ध भई रहने भएको हुँदा यो अध्ययन पुर्णतया  द्वन्द्वात्मक सिद्धान्त सँग मेल खाएको देखिन्छ । यसलाई अझ प्रष्ट पार्न रेखाचित्रमा प्रस्तुत गरिएको छ :

चित्र १ :  विद्यालयमा उत्पन्न द्वन्द्वको प्रकृति




## ४.१.२.विद्यालयमा द्वन्द्व उत्पन्न हुनाका कारणहरू

विद्यालयमा उत्पन्न हुने द्वन्द्वका कारणहरूमा आपसी समझदारीमा कमी, सेवासुविधामा कमि, विद्यार्थीहरूको भर्ना चाप, संचारमा अवरोध, लक्ष्यमा भिन्नता, जातीय विभेद र मनोवैज्ञानिक कारण रहेका छन् ।

विद्यालयमा उत्पन्न हुने द्वन्द्वका कारणहरू मध्ये आपसी समझदारीमा कमि एक प्रमुख कारण हो । विद्यालयमा अध्ययनरत विद्यार्थीहरू बीच धेरै मात्रामा यिनै कारणले द्वन्द्व उत्पन्न भइरहेको हुन्छ । व्यक्ति व्यक्ति बीचमा भएको असहमति, मनमुटाव, टकराव तथा विरोधको स्थितिबाट उत्पन्न हुने द्वन्द्वको मुख्य कारण नै आपसी समझदारीमा कमि हो । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा प्रायः यस किसिमको असमझादरीको कारणबाट द्वन्द्व उत्पन्न हुने गरेको देखिन्छ ।

विद्यालयमा उत्पन्न द्वन्द्वका कारणहरू मध्ये सेवा सुविधामा कमि पनि एक हो । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई प्राप्त हुने सेवा सुविधाको अभाव भएमा तिनीहरू बीचमा तनाव सृजना भई द्वन्द्व बढ्ने गर्दछ । यसरी कक्षा कोठामा अध्ययनरत विद्यार्थीहरूमा सेवा सुविधाको अभावको कारण द्वन्द्व उत्पन्न हुने कुरामा उत्तरदाताहरूबाट प्रतिक्रिया प्राप्त भएको थियो ।

विद्यालयमा उत्पन्न हुने द्वन्द्वका कारणहरूमा विद्यार्थीहरूको संख्या धेरै हुनु भनेको नै सो विद्यालयमा भएको विद्यार्थीको भर्ना चाप अत्याधिक हुनु हो । त्यसकारण विद्यालयमा अत्याधिक विद्यार्थीको संख्या हुँदा कक्षा व्यवस्थापन गर्न शिक्षकलाई गाह्रो हुनुका साथै गुणस्तरीय शिक्षा प्रदान गर्न समेत कठिन पर्न जान्छ ।

त्यसैगरी विद्यालयमा उत्पन्न हुने द्वन्द्वका कारणहरूमा संचारमा अवरोध पनि एक हो । सही संचारले विद्यालयमा को शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुऱ्याउँदछ । संचारले शैक्षिक लगानीलाई प्रभावकारी प्रयोग गर्न र परिचालन गरी अपेक्षित उपलब्धी हासिल गर्नमा सहयोग पुऱ्याउँदछ । शिक्षक तथा विद्यार्थीहरूको आचरणमा सुधार गर्ने, परिवर्तन गर्न नीति नियम निर्देशन कार्यान्वयन गर्ने, सूचनालाई उत्पादनमुलक बनाउने लक्ष्य तथा उद्देश्य हासि गर्न सघाउ पुऱ्याउने संघसंस्थालाई उपयुक्त गति प्रदान गर्ने, सामुहिक कार्यतर्फ उत्प्रेरित गर्न सहयोग पुऱ्याउँने कार्यमा सञ्चारले ठूलो भूमिका खेलेको हुन्छ, तर सञ्चारमा अवरोधका कारणले विद्यार्थीहरूमा नैराश्यपन वृद्धि हुनुका साथै विद्यालयमा उत्पन्न हुने द्वन्द्वका लागि उल्टो सहयोग पुग्न जान्छ । त्यसैगरी विद्यालयमा मा उत्पन्न द्वन्द्वका कारणहरू मध्ये जातीय विभेद पनि एक हो । एउटै विद्यालयमा अध्ययनरत विद्यार्थीहरू फरक-फरक सामाजिक पृष्ठभूमिबाट विद्यालयमा आउने भएको हुँदा तिनीहरू बीचमा सानो जात र ठूलो जातको भावनाले द्वन्द्व उत्पन्न हुने गर्दछ ।

विद्यालयमा उत्पन्न हुने द्वन्द्वका कारणहरू मध्ये मनोवैज्ञानिक असर पनि एक हो । हरेक विद्यार्थीहरूको आ-आफ्नै इच्छा र चाहना हुन्छ । सो अनुसारको शिक्षण सिकाइ क्रियाकलाप गर्नु नै मनोवैज्ञानिक शिक्षण हो । तर विद्यार्थीको इच्छा, चाहना तथा रुची अनुसारको शिक्षण सिकाइ नभएमा विद्यार्थीहरूमा मनोवैज्ञानिक द्वन्द्व उत्पन्न हुन्छ । विद्यालयमा उत्पन्न हुने द्वन्द्वका कारणहरूमा आपसी समझदारीमा कमि, सेवा सुविधामा कमि, विद्यार्थीको भर्ना चाप, सञ्चारमा अवरोध, लक्ष्यमा भिन्नता, जातीय विभेद र मनोवैज्ञानिक असर रहेको छ ।

ती कारणहरू मध्ये प्रमुख कारण सेवा सुविधामा कमि हो । अब्राहम मास्लोको आवश्यकतामा आधारित सिद्धान्तमा भनिए जस्तो द्वन्द्व संघसंस्था तथा व्यक्तिको सुधारको लागि आवश्यक भएकोले यो पूर्णतया आवश्यकतामा आधारित सिद्धान्तसँग मेल खाएको देखिन्छ ।

यसरी विद्यालयमा उत्पन्न हुने द्वन्द्वका कारणहरुलाई अझ स्पष्ट पार्न बुद्धाँगत रुपमा प्रस्तुत गरिएको छ :

१) आपसी असमझदारी

२) विद्यार्थीको भर्नामा चाप

३) राजनीतिक अस्थिरता

४) लक्ष्यमा भिन्नता

५) लैंगिक भेदभाव

६) जातीय तथा सांस्कृतिक भेदभाव

७) आर्थिक पक्षको अपारदर्शिता

८) संञ्चारमा अवरोध

९) सेवासुविधामा कमि

१०) मनोवैज्ञानिक कारण

## ४.२. द्वन्द्वका स्रोतहरू

विद्यालयमा विभिन्न किसिमका शैक्षिक द्वन्द्वहरूको सिर्जना विभिन्न स्रोतहरूबाट हुने गर्दछ । विद्यालयमा उत्पन्न हुने द्वन्द्वका स्रोतहरूको सम्बन्धमा विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष र बुद्धिजीवि व्यक्तिहरू र विद्यार्थीहरूको प्रत्यक्षीकरणलाई व्याख्या र विश्लेषण गरिएको छ । निम्न लिखित तालिकाबाट विद्यालयमा उत्पन्न हुने द्वन्द्वका स्रोतहरूलाई उल्लेख गर्न सकिन्छ ।

**तालिका ३ : द्वन्द्वका स्रोतहरू**

| | प्र.अ. | | शिक्षक | | वि.व्य.स. | | वुद्धिजीवि | | विद्यार्थी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| राजनैतिक हस्तक्षेप | ३ | ३०% | ६ | ३०% | ४ | ४०% | ३ | ३० % | ८ | ४०% |
| आर्थिक अवस्था | २ | २०% | ४ | २०% | २ | २०% | २ | २० % | ४ | २०% |
| प्र.अ.को कम्जोरी | १ | १०% | ४ | २०% | २ | २०% | २ | २०% | ३ | १५% |
| प्रयाप्त सेवा सुविधामा कमि | २ | २०% | ३ | १५% | १ | १०% | १ | १०% | ३ | १५% |
| द्वन्द्वात्मक सरकारी नीती | १ | १०% | २ | १०% | १ | १०% | १ | १०% | १ | ५% |
| लिङ्गीय भेदभाव | १ | १०% | १ | ५% | - | - | १ | १०% | १ | ५% |
| जम्मा | १० | १००% | २० | १००% | १० | १००% | १० | १००% | २० | १००% |

*स्रोत : स्थालगत सर्वेक्षण, २०७२*

प्रस्तुत तालिकामा छनोट गरिएका विद्यालयहरूमा द्वन्द्वका स्रोतहरू को रुपमा राजनैतिक हस्तक्षेप, आर्थिक अवस्था, विद्यालयको प्र.अ.को कम्जोरी, सेवासुविधाको अभाव, लिङ्गीय भेदभाव र द्वन्द्वात्मक सरकारी नीति र शैक्षिक तथा खेलकुद सामग्रीको अभावका कारण विद्यालयमा द्वन्द्व उत्पन्न हुने कुरा तालिकामा देखाइएको छ र सामुदायिक विद्यालयमा, राजनैतिक हस्तक्षेपलाई द्वन्द्व उत्पन्न हुने मुख्य स्रोतको रूपमा लिइएको छ। प्रतिक्रिया दिने व्यक्तिहरूका विचारमा विद्यालयमा द्वन्द्व उत्पन्न गराउने मुख्य तथा महत्वपूर्ण मुद्दाको रूपमा राजनीतिलाई लिएइको छ। विद्यालयहरूमा द्वन्द्व उत्पन्न गराउने मुख्य स्रोत नै राजनीति हो। जवाफकर्ताहरूको विचारमा विद्यालयको सुहाउँदो वातावरणलाई असुहाउँदो वनाउने अर्को प्रमुख स्रोत भनेको नै सरकारको गलत नीतिलाई लिएको छ।

### ४.२.१ राजनैतिक हस्तक्षेप

माथिको तालिकामा विद्यालयमा उत्पन्न द्वन्द्वका स्रोतहरू मध्ये राजनैतिक हस्तक्षेप एक प्रमुख स्रोत हो भनी धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापक ३ जना अर्थात ३० प्रतिशत, शिक्षकहरू ६ जना अर्थात ३० प्रतिशत र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू ४ जना वा ४० प्रतिशत, वुद्धिजीविहरू ३ जना अर्थात ३० प्रतिशत र विद्यार्थीहरू ८ जना अर्थात् ४० प्रतिशत रहेका छन् ।

### ४.२.२. आर्थिक अवस्था

प्रस्तुत तालिकाको आधारमा विद्यालयहरूमा उत्पन्न हुने द्वन्द्वका स्रोतहरू मध्ये विद्यालयको आर्थिक अवस्था पनि एक प्रमुख स्रोत हो । विद्यालयको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने साधन स्रोत जुटाउन आर्थिक पक्षले निकै नै ठुलो सहयोग पुऱ्याएको हुन्छ तर विद्यालयको आर्थिक पक्ष कमजोर हुँदा विद्यालयको सर्वाङ्गीण पक्षको विकासमा बाधा पुग्न जान्छ । त्यसैले विद्यालयको कमजोर आर्थिक अवस्थाको कारणले द्वन्द्व उत्पन्न हुने प्रतिक्रिया विभिन्न सरोकारवाला व्यक्तिहरूले दिएका छन् । विद्यालयको आर्थिक अवस्था कमजोर भएको कारणले विद्यालयमा आवश्यक पर्ने भौतिक व्यवस्थापनको पक्ष लगायत शैक्षिक व्यवस्थापन गर्न समेत गाह्रो पर्ने गर्दछ । यसरी विद्यालयको आर्थिक अवस्थाका कारणले द्वन्द्व उत्पन्न हुने कुरामा विभिन्न सरोकारवाला व्यक्तिहरूको प्रतिक्रिया फरक रहेको पाइयो । विभिन्न उत्तरदाताहरू मध्ये १२ जना अर्थात १०० प्रतिशत ले विद्यालयको कमजोर आर्थिक अवस्थाले द्वन्द्व उत्पन्न हुने धारणा व्यक्त गरेका छन् । त्यसरी धारणा व्यक्त गर्नेहरूमा २ जना प्रधानाध्यापकहरू अर्थात् २० प्रतिशत र ४ जना शिक्षकहरू वा २० प्रतिशत, २ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू अर्थात २० प्रतिशत, २ जना स्थानीय वुद्धिजीवि वा २० प्रतिशत र ४ जना विद्यार्थीहरू अर्थात २० प्रतिशत रहेका छन् ।

### ४.२.३. प्र.अ.को कमजोरी

विद्यालयमा उत्पन्न हुने द्वन्द्वका स्रोतहरू मध्ये प्र.अ.को कमजोरी पनि एक हो । प्र.अ. को कमजोरीले गर्दा विद्यालयको प्रशासनिक कार्य व्यवस्थित हुन नसक्दा विभिन्न समस्याहरू आउने गरेका छन् किनभने विद्यालयको दैनिक प्रशासन सञ्चालन गर्ने कार्यमा प्रधानाध्यापकको महत्वपूर्ण भूमिका रहन्छ । उसको नेतृत्व सवल, सक्षम र प्रभावकारी भयो

भने विद्यालयले वाञ्छित लक्ष्य प्राप्त गर्न सक्दछ । शिक्षक, प्रधानाध्यापक वा अभिभावकले भनेको कुराभन्दा उनीहरूले गरेको कार्यको बढी प्रभाव विद्यार्थीहरूमा पर्दछ । त्यसैले प्रधानाध्यपक उच्च, आर्दश र विशिष्ट आचरण भएको हुनु पर्दछ । उनी शिक्षक, विद्यार्थी, र अभिभावकको नेता हुन्छन् । त्यसैले उनीहरूमा शिक्षक विद्यार्थी र अभिभावकहरूलाई समन्वय गर्न सक्ने क्षमता हुनुपर्दछ । त्यस्तै उनीमा शिक्षक एवम विद्यार्थीमा आवश्यक निर्देशन र नियत्रण गर्न सक्ने क्षमता हुनुपनि आवश्यक छ । अध्यापनलाई नोकरी भन्दा सेवा भावका रूपमा प्रधानाध्यपकले लिनु पर्दछ । विद्यालय व्यवस्थापन समितिको प्रत्यक्ष निर्देशनमा रही प्रधानाध्यापकले दैनिक कार्य गर्नु पर्ने हुदा उनमा विद्यार्थी, शिक्षक, अभिभावक एवम समितिका बीचमा समन्वयकर्ता एवम मध्यस्तकर्ताको भुमिका निवार्ह गर्न सक्ने कुशलता हुनु पर्दछ । यी भूमिका निर्वाह गर्न नसकेको खण्डमा प्रधानाध्यपकको कमजोरी पक्ष देखिन गई द्वन्द्व उत्पन्न हुने गर्दछ । यसरी प्र.अ. को कमजोरीले विद्यालयमा द्वन्द्व उत्पन्न हुने कुरा उत्तरदाताहरू मध्ये १२ जना अर्थात ८५ प्रतिशत ले व्यक्त गरेका छन । सो धारणा व्यक्त गर्नेहरूमा एक जना प्र.अ. अर्थात् १० प्रतिशत र ४ जना शिक्षकहरू वा २० प्रतिशत, २ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू अर्थात् २० प्रतिशत र २ जना स्थानिय बुद्धिजीवि वा २० प्रतिशत र ३ जना विद्याथीहरू अर्थात् १५ प्रतिशत रहेका छन् ।

### ४.२.४ सेवा सुविधाको उपलब्धतामा कमि

विद्यालयमा उत्पन्न हुने द्वन्द्वका स्रोतहरू मध्ये सेवा सुविधाको उपलब्धतामा कमि पनि एक हो । विद्यालयमा विद्यार्थीको संख्याको आधारमा फर्निचरको व्यवस्था, समयमा पाठ्यपुस्तकको वितरण नहुनु, शौचालयको व्यवस्था, खानेपानीको व्यवस्था खेल्ने चौरको व्यवस्था, खेल सामाग्रीको व्यवस्था, पुस्ताकलयको व्यवस्था, प्राथमिक उपचारको व्यवस्था जस्ता कुराहरूले विद्यालयको शैक्षिक क्षेत्रमा प्रभाव पारी रहेको हुन्छ । यी माथि उल्लेखित कुराको उपलब्धता विद्यार्थीका लागि भएन भने विद्यालयमा द्वन्द्व उत्पन्न हुने गरेको पाइन्छ । यस किसिमको धारणामा उत्तरदाताहरू मध्ये १० जना अर्थात ७० प्रतिशतले व्यक्त गरेका छन् । सो धारणा व्यक्त गर्नेहरूमा २ जना प्र.अ. अर्थात २० प्रतिशत, ३ जना शिक्षकहरू वा १५ प्रतिशत १ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्थात् १० प्रतिशत र १ जना स्थानिय बुद्धिजीवि वा १० प्रतिशत र ३ जना विद्याथीहरू अर्थात् १५ प्रतिशत रहेका छन् ।

### ४.२.५ द्वन्द्वात्मक सरकारी नीति

विद्यालयमा उत्पन्न हुने द्वन्द्वका प्रमुख स्रोतहरूमध्ये द्वन्द्वात्मक सरकारी निति पनि एक हो । धेरै सामुदायिक विद्यालयहरूमा सरकारको यिनै गलत नीतिका कारणले विद्यालयको विभिन्न पक्षमा द्वन्द्व उत्पन्न हुने गरेको पाईन्छ । विद्यालयमा उत्पन्न हुने द्वन्द्वमा द्वन्द्वात्मक सरकारी नीतिका कारणले द्वन्द्व हुने कुरा विभिन्न उत्तरदाताहरू मध्ये ६ जना अर्थात ४५ प्रतिशतले आ-आफ्नो धारणा व्यक्त गरेका छन् । सो धारणा व्यक्त गर्नेहरूमा १ जना प्र.अ. अर्थात् १० प्रतिशत, २ जना शिक्षकहरू वा १० प्रतिशत, १ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्थात १० प्रतिशत, १ जना स्थानिय बुद्धिजीवि वा १० प्रतिशत र १ जना विद्याथीहरू वा ५ प्रतिशत रहेका छन् ।

### ४.२.६ लिङ्गीय भेदभाव

विद्यालयमा उत्पन्न हुने द्वन्द्वका स्रोतहरू मध्ये लिङ्गीय भेदभाव पनि एक हो । विद्यालय भनेको शिक्षण शिकाई प्रक्रिया संञ्चालन गर्ने मुख्य कार्यालय हो । त्यसकारण विद्यालयमा शिक्षक, प्र.अ., कर्मचारी लगायत विद्यार्थीहरू रहेका हुन्छन । एउटै विद्यालयमा विभिन्न जात जातिका विद्यार्थीहरू, विभिन्न भाषा भाषिका विद्यार्थीहरूका साथै लैङ्गिक रूपमा केटा र केटी विद्यार्थीहरू विद्यालयमा रहेका हुन्छन् । स्त्री र परुषको आवश्यकता, इच्छा, चाहाना, आदत शारिरीक स्थिति जस्ता कारणले गर्दा तिनीहरू विचमा लैङ्गिक भेदभाव हुन गई द्वन्द्व उत्पन्न हुने गर्दछ । विशेष गरी केटा र केटी विद्यार्थीहरूमा यौवन अवस्थाको शुरुवातले गर्दा तिनिहरूमा आएको शारीरिक परिर्वतनले मानसिक विचलन ल्याई तिनिहरू विचमा द्वन्द्व उत्पन्न हुने गरेको हुन्छ । यसरी लिङ्गिय भेदभावका कारणले उत्पन्न हुने कुरामा उत्तरदाताहरू मध्ये ४ जना अर्थात ३० प्रतिशत ले आ-आफ्नो धारणा व्यक्त गरेका छन् । सो धारणा व्यक्त गर्नेहरूमा १ जना प्र.अ. अर्थात् १० प्रतिशत, १ जना शिक्षकहरू वा ५ प्रतिशत, १ जना स्थानीय बुद्धिजीवि वा १० प्रतिशत र १ जना विद्यार्थीहरू अर्थात् ५ प्रतिशत रहेका छन् ।

यसरी विद्यालयमा उत्पन्न हुने द्वन्द्वको मुख्य स्रोत राजनीति नै भएको हुँदा यो व्यवहारीक रूपमा मार्क्सको द्वन्द्वात्मक सिद्धान्त सँग मिल्न गएको देखिन्छ । यस सिद्धान्त अनुसार कुनै पनि संघसंस्थाको विकासको लागि द्वन्द्व आवश्यक छ । संस्थाको सुधारको लागि दुई पक्ष

बीच संघर्ष हुनु पर्ने भएकोले यो पूर्णतया व्यवहारिक रूपमा द्वन्द्वात्मक सिद्धान्तमा आधारित रहेको छ ।

## ४.३.विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका

मानिस एक सामाजिक प्राणी हो । जसमा शिक्षक, समाजको पथप्रर्दशक, व्याख्याता नै हो । समाजमा रहेका विभिन्न गतिविधिहरु सँग रहेर हरेक पक्षमा हरपल सहयोगको भावना लिएर अगाडी बढ्ने शिक्षकको कर्तव्य र जिम्मेवारी नै हो । तसर्थ विद्यालयमा उत्पन्न हुने द्वन्द्व न्यूनीकरण गर्नमा शिक्षकको अहम भूमिका हुने गर्दछ । भनिन्छ, शिक्षक उड्यो भने विद्यार्थी हिड्छन, शिक्षक हिड्यो भने विद्यार्थी सुत्छन् र शिक्षक सुत्यो भने विद्यार्थी मर्छन् । त्यसैले शिक्षण सिकाइ क्रियाकलापमा देखा परेका जति द्वन्द्वहरु हुने गर्छन त्यसलाई टाढा राखी शिक्षक सक्रिय रही प्रगतिपथ तर्फ लम्कनु पर्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

यस अनुसन्धान कार्यको महत्वपूर्ण भागको रूपमा विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिकालाई सर्वेक्षण गर्नु रहेको छ । अनुसन्धानकर्ता र विद्यालयको शिक्षकहरूवीच कुराकानी हुँदा, शिक्षकहरूले विद्यालयमा उत्पन्न हुने द्वन्द्वको समाधानका लागि विभिन्न तौरतरिकाहरू अपनाई द्वन्द्व घटाउने प्रयास गरेका छन् । यधपि शिक्षकहरूले द्वन्द्व सम्बन्धी विषयमा आ-आफ्नो भूमिका र उनीहरूको सहयोगको बारेमा स्पष्ट धारणा राखेको देखिदैंन् । यसरी अनुसन्धानकर्ताले शिक्षकहरूबाट प्राप्त तथ्याङ्कको आधारमा द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिकालाई निम्नानुसार तालिकामा देखाएको छ :

तालिका ४ : विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका

| | प्र.अ. | | शिक्षक | | विद्यार्थी | |
|---|---|---|---|---|---|---|
| | सं. | प्रति. | सं. | प्रति. | सं. | प्रति. |
| सल्लाहकारको भूमिका | २ | २०% | ४ | २०% | - | - |
| अभिनयकर्ताको भूमिका | १ | १०% | ३ | १५% | २ | १०% |
| निष्पक्षकर्ताको भूमिका | २ | २०% | ४ | २०% | ४ | २०% |
| सुपरिवेक्षकको भूमिका | १ | १०% | ३ | १५% | ३ | १५% |
| समन्वयकर्ताको भूमिका | १ | १०% | १ | ५% | ५ | २५% |
| मध्यस्थकर्ताको भूमिका | १ | १०% | २ | १०% | ३ | १५% |
| शिक्षकको भुमिका परार्मशदाताको रूपमा | १ | १०% | २ | १०% | १ | ५% |
| शिक्षकको भूमिका सहयोग कर्ताको रूपमा | १ | १०% | १ | ५% | २ | १०% |
| जम्मा | १० | १००% | २० | १००% | २० | १००% |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२*

माथिको तालिकामा विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका भन्ने शीर्षकमा सरोकारवालाहरूको प्रतिक्रियाअनुसार तल क्रमशः बुदाँगत रुपमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.३.१ सल्लाहकारको भूमिकाको रूपमा

विद्यालयमा उत्पन्न द्वन्द्वको व्यवस्थापनका लागि शिक्षकहरूले सल्लाहकारको भूमिका खेल्ने गरेका छन् जब द्वन्द्व प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु बीच देखापर्दछ, त्यसवेला शिक्षकहरूले द्वन्द्व व्यवस्थापनका लागि सल्लाहकारको भूमिका खेल्ने गरेको हुन्छ । शिक्षकहरूको भनाइ अनुसार यस किसिमको उत्पन्न द्वन्द्वमा शिक्षकहरूको सहभागिता एकदमै न्यून रहेको देखिन्छ । प्रस्तुत तलिकाको आधारमा विद्यालयको द्वन्द्व व्यवस्थापनको लागि शिक्षकको भूमिका सल्लाहकारको रूपमा रहेको कुरा उत्तरदाताहरूको रहेको छ ।

उत्तरदाताहरू मध्ये ६ जना अर्थात ४० प्रतिशतले विद्यालयको  द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका सल्लाहकारको रूपमा रहेको धारणा व्यक्त गरेका छन् । यसरी धारणा व्यक्त गर्नेहरूमा २ जना प्र.अ. अर्थात् २० प्रतिशत, ४ जना शिक्षकहरू अर्थात् २० प्रतिशत रहेका  छन् ।

### ४.३.२. अभिनयकर्ताको रूपमा

विद्यालयमा उत्पन्न हुने द्वन्द्वको समाधानका लागि शिक्षकले अभिनयकर्ताको भूमिका निर्वाह गरेर समस्याको समाधान गरेको पाईन्छ । यसरी विद्यालय  भित्र, विद्यार्थी-विद्यार्थीवीच उत्पन्न द्वन्द्वको समाधानका लागि शिक्षकले तिनीहरूवीचमा छलफल चलाएर सक्रिय रूपमा सहभागि भई द्वन्द्व समाधान गर्ने गरिन्छ र विद्यालयमा शिक्षक-शिक्षकवीच उत्पन द्वन्द्वको समाधानका लागि शिक्षक सक्रिय रूपमा सहभागी भई यस कार्यमा लाग्ने गरेको पाईन्छ ।

माथिको तालिकाको आधारमा विद्यालयमा द्वन्द्व व्यवस्थापनका लागि शिक्षको भूमिका अभिनयकर्ताको रूपमा रहेको पाइन्छ । सो धारणा व्यक्त गर्नेहरूमा १ जना प्र.अ. अर्थात् १० प्रतिशत, ३ जना शिक्षकहरू अर्थात् १५ प्रतिशत, र २ जना विद्याथीहरू अर्थात् १० प्रतिशत रहेका  छन् ।

### ४.३.३. निष्पक्षकर्ताको रूपमा

द्वन्द्व व्यवस्थापनको लागि शिक्षकहरूले निष्पक्षकर्ताको भूमिका खेलेको देखिन्छ । कसैको पक्षमा नलागि आफुहरू तठस्थ रहि विद्यालयमा उत्पन्न द्वन्द्वलाई व्यवस्थापन गर्ने कार्य गरिन्छ । विद्यालयमा उत्पन्न द्वन्द्व प्रति शिक्षकहरूले कुनै व्यक्तिगत पुर्वाग्रह नराखी व्यक्तिगत मुद्दाहरूमा समेत शान्त भएर बसेको देखिन्छ र उनीहरूका विचारमा व्यक्तिगत विषयमा वि.व्य.स. को विषयमा, शिक्षकहरू तठस्थ रही द्वन्द्वको सहि व्यवस्थापन गर्ने गरेका छन् । कहिले काँहि विद्यालयमा राजनैतिक विषयमा छलफल हुँदा शिक्षकहरू चुप लागेर बसेको पनि देखिन्छ । केहि शिक्षकहरूले द्वन्द्व व्यवस्थापनका लागि निम्नानुसारको भूमिका निर्वाह गर्ने सुझाव दिएका छन् शिक्षक भएर शिक्षकले राजनीतिमा सङलग्न हुनु राम्रो गुण होईन र शिक्षकहरू विद्यालयमा हुँदा सक्दो निष्पक्ष व्यवहार देखाई द्वन्द्व व्यवस्थापनमा सहयोग गर्नुपर्दछ ।

माथिको तालिका आधारमा विद्यालयको द्वन्द्व व्यवस्थापनको लागि शिक्षकको भूमिका निष्पक्षकर्ताको रूपमा रहेको पाइयो । उत्तरदाताहरु मध्ये विद्यालय प्रधानाध्यापकहरू २ जना अर्थात २० प्रतिशत, शिक्षकहरू ४ जना अर्थात् २० प्रतिशत र विद्याथीहरू ४ जना अर्थात् २० प्रतिशत रहेका छन् ।

### ४.३.४. सुपरीवेक्षकको रूपमा

विद्यालयमा उत्पन्न विद्यार्थी-विद्यार्थी वीचको द्वन्द्व व्यवस्थापनका लागि शिक्षकहरूले सुपरीवेक्षकको भूमिका खेलेको देखिन्छ । विद्यार्थीहरूको समस्याको सुपरीवेक्षण गरी के-कति कारणले यी द्वन्द्व उत्पन्न भएका छन् सो को पहिचान गरी त्यसलाई कुशलतापूर्वक सुपरीवेक्षण गरी द्वन्द्व व्यवस्थापन गर्ने गरेको पाइन्छ । माथि उल्लेखीत तालिका अनुसार विद्यालयको  द्वन्द्व व्यवस्थापनका लागि शिक्षकको भूमिका निम्नानुसार रहेको कुरा विभिन्न उत्तरदाताहरूवाट प्राप्त प्रतिक्रियाका आधारमा प्रष्ट गरिएको छ ।

### ४.३.५. समन्वयकर्ताको रूपमा

कुनै पनि सङ्गठनमा विभिन्न शाखा, उपशाखा, तह र समिति जस्ता संरचनामा विभिन्न तहका कर्मचारीहरु कार्यरत रहेका हुन्छन् । यसरी ती निकायहरूमा कामगर्ने स्टाफ तथा कर्मचारीका क्रियाकलापहरु बीच असहमति र असमझदारी भएमा द्वन्द्व उत्पन्न हुने गरेको पाईन्छ । त्यस्तो अवस्थामा शिक्षकहरूले सङ्गठनको लक्ष्य तथा उद्धेश्य पुरा गर्न विद्यालयमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न कर्मचारीवीच प्रभावकारी समन्वयकर्ताको भूमिका निर्वाह गरी उनीहरूवीच उत्पन्न द्वन्द्वको व्यवस्थापन गर्ने गरिन्छ र स्वाथ राख्ने व्यक्तिलाई प्रभावकारी ढङ्गले एकीकृत गर्ने कार्य गरेर कुशल प्रशासनको भूमिका समेत निर्वाह गरी द्वन्द्व व्यवस्थापन गर्ने गरेको पाइन्छ ।

### ४.३.६. मध्यस्थकर्ताको रूपमा

शैक्षिक संस्थामा विद्यार्थीहरू तथा कर्मचारीहरूले विभिन्न मागहरू व्यवस्थापन तथा प्रशासनिक नेतृत्व समक्ष राखेर आपसी सहमतिमा माग पूरा गर्ने कार्य निरन्तर रूपमा गरिरहेको हुँदा तिनीहरू वीचको आपसी सौदावाजी, मोलतोल सहमति र लेनदेनका आधारमा विद्यालयमा उत्पन्न हुने द्वन्द्वको समाधान गर्ने कार्यमा शिक्षहरूले मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको देखिन्छ । व्यवस्थापक र विद्यार्थीहरू तथा कर्मचारीहरूको माग पूरा

गर्न उनीहरूवीच सल्लाह, छलफल, वार्ताद्वारा आपसी सहमतिमा पुग्ने क्रमशः माग राख्ने पक्षलाई केहि छाड्न लगाउने र माग पूरा गर्ने व्यवस्थापकीय पक्षलाई केहि माग पूरा गर्न लगाई द्वन्द्वको समाधान गरी मध्यस्तकर्ताको भूमिका खेलेको देखिन्छ ।

### ४.३.७ परामर्शदाताका रूपमा

सामान्यत : पारर्मश भनेको कर्मचारीको सुधार तथा विकासको लागि आवश्यक देखिन्छ किन भने प्रत्येक संस्थामा विभिन्न प्रकृतिका कर्मचारीहरू कार्य गर्ने भएको हुदा तिनीहरूवीचमा भएको फरक इच्छा, चाहना र आवश्यकताका कारणले गर्दा द्वन्द्व उत्पन्न हुनु कुनै नैलो कुरा होइन । त्यसकारण शिक्षकहरूले विद्यालयमा कार्यरत शिक्षक कर्मचारी र विद्यार्थी बीचमा भएको फरक मनोवृतिबाट उत्पन्न हुन गएको द्वन्द्व व्यवस्थापनका लागि परामर्शकर्ताको भूमिका खेलेको दखिन्छ ।

### ४.३.८ सहयोगकर्ताका रूपमा

सहयोग विना कुनै पनि कार्य पुर्ण रूपले सफलता प्राप्त गर्न सकेको हुदैन । सहयोग भनेको एकले अर्कोलाई मद्दत गर्नु हो । विद्यालयमा शिक्षकहरूले शिक्षण सिकाइका क्रममा आवश्यक सहयोग गरेको पाइन्छ । तर शिक्षकहरूले विद्यार्थीहरूलाई सहयोग पुऱ्याउन नसक्दा तिनहरूले विषयवस्तुमा ध्यान नदिने, कक्षामा हल्ला गर्ने, विषय वस्तु छाडेर अन्य बाहिरीकुरा ल्याउने भएको हुदा शिक्षण सफल र प्रभावकारी हुन नसकी उद्देश्य समेत प्राप्त हुदैन । कक्षामा विद्यार्थीहरू अनावश्यक तर्क विर्तक, भै झगडा गरी द्वन्द्व को व्यवस्थापन गरेका पाइन्छ ।

## ४.४. विद्यालयमा द्वन्द्व न्यूनीकरणका उपायहरू

विद्यालयमा उत्पन्न द्वन्द्वको न्यूनीकरणका लागि यस भागमा मुख्य रूपमा विश्लेषण गरको छ र यसलाई सम्बन्धित आधिकारीक व्यक्तिहरूद्वारा कसरी व्यवस्थित गर्न सकिन्छ सो विषयमा समेत चर्चा गरिएको छ । विद्यालयमा उत्पन्न द्वन्द्वको व्यवस्थापन गर्नु भनेको शैक्षिक वर्गहरूका लागि ज्यादै पुरानो चुनौतीपुर्ण कार्य हो । द्वन्द्व भनेको जीवनको प्राकृतिक पक्ष हो, त्यसैले विद्यालयमा द्वन्द्व उत्पन्न हुनु पनि विद्यालय जीवनको प्राकृतिक पक्ष हो । यहाँ जातीय, धार्मिक र यौनिक द्वन्द्व विशेषगरी किशोरावस्थाका केटाकेटीहरूमा देखिने गरेका छन् । यसै सम्बन्धमा विद्यालय प्र.अ.को, शिक्षकहरूको, वि.व्य.स. अध्यक्ष तथा


सदस्यहरूको, वृद्धिजीविहरू र विद्यार्थीहरूका प्रतिक्रियाका आधारमा द्वन्द्व न्यूनीकरणका उपायहरूलाई देहायवमोजिम तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

तालिका ५ : विद्यालयमा द्वन्द्व न्युनीकरणका उपायहरू

| द्वन्द्व न्यूनीकरणका उपायहरू | प्र.अ. | | शिक्षक | | विद्यार्थी | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सहभागितामा वृद्धि | ४ | ४०% | ६ | ३०% | ५ | २५% |
| सम्झौता/सहमति गर्ने | २ | २०% | ५ | २५ % | ५ | २५ % |
| सहयोगको आदान प्रदान | २ | २०% | ५ | २५% | ४ | २०% |
| स्रोतमा वृद्धि | १ | १०% | २ | १० % | ३ | १५% |
| समस्या प्रतिको चेतनामा वृद्धि | १ | १०% | २ | १०% | ३ | १५% |
| जम्मा | १० | १००% | २० | १००% | २० | १००% |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२*

चित्र २ : विद्यालयमा द्वन्द्व न्यूनीकरणका उपायहरू



प्रस्तुत चित्र तथा तालिकाको आधारमा विद्यालयको द्वन्द्व न्यूनीकरणका उपायहरु मध्ये पहिलो उपायको रुपमा सहभागितामा वृद्धि रहेको छ । विद्यालयमा विद्यार्थी विद्यार्थी बीचमा उत्पन्न द्वन्द्वको सत्य तथ्य कारण पत्ता लगाई शिक्षकले दुवै पक्षबीच भेटघाट  तथा छलफल गरी प्रत्यक्ष संलग्नताद्वारा न्यूनीकरण गरेको पाइयो । सो धारणा व्यक्त गर्नेहरुमा प्र.अ. ४ जना अर्थात ४० प्रतिशत, शिक्षक ६ जना अर्थात ३० प्रतिशत र विद्यार्थीहरु ५ जना अर्थात २५ प्रतिशत रहेका छन् ।

विद्यालयमा द्वन्द्व न्यूनीकरणका उपायहरुमा सम्झौता अथवा सहभागितामा वृद्धि गर्ने रहेको पाइयो । विद्यालयमा अध्ययनरत विद्यार्थीहरु बीचमा भाषा, जात, लिङ्ग उद्देश्य, इच्छा चाहना, फरक भएका कारणले द्वन्द्व उत्पन्न हुने भएकाले शिक्षकहरुले उक्त कारण बुझि दुवै पक्षलाई एउटै टेवलमा ल्याई सम्झौता गर्न लगाएर द्वन्द्व न्यूनीकरण गर्ने गरेको पाइयो । यसै क्रममा व्यवस्थापकले दुवै पक्षलाई एकै ठाउँमा बस्ने समस्याको विश्लेषण गर्ने, समस्यालाई खोतल्ने गरी उक्त समस्या समाधान तर्फ केन्द्रित गर्ने कार्य गर्ने गरेको पाइयो । सो अनुरुप धारणा व्यक्त गर्नेहरुमा प्र.अ. २ जना अर्थात २० प्रतिशत, शिक्षक ५ जना अर्थात २५ प्रतिशत र विद्यार्थीहरु ५ जना अर्थात २५ प्रतिशत रहेका छन् ।

विद्यालयमा उत्पन्न द्वन्द्वको न्यूनीकरण उपायहरु मध्ये सहयोगको आदानप्रदान पनि एक हो । विद्यालयमा मा अध्ययनरत विद्यार्थीहरुले विषयवस्तुमा कुनै समस्या समाधान गर्न नसकेको अवस्थामा शिक्षकको सहयोग लिने गरेको तथा उक्त समस्या समाधान भएको खण्डमा शिक्षक र विद्यार्थी बीच मैत्रीपूर्ण वातावरण कायम भएको पाइयो ।

शिक्षकले विद्यार्थीको अवस्थालाई बुझि शिक्षण सिकाइ तर्फ केन्द्रित गर्न सक्षम भई विद्यालयमा उत्पन्न हुन सक्ने अनावश्यक तर्क वितर्क, झैझगडा तथा द्वन्द्वलाई  न्यूनीकरण गर्ने गरेको पाइयो । यसरी धारणा व्यक्त गर्नेहरुमा प्र.अ. २ जना अर्थात २० प्रतिशत, शिक्षकहरु ५ जना अर्थात २५ प्रतिशत र विद्यार्थीहरु ४ जना अर्थात २० प्रतिशत रहेका छन् ।

सेवा, सुविधा तथा स्रोतमा वृद्धि पनि विद्यालयमा मा द्वन्द्व न्यूनीकरणको एक उपाय हो । विद्यालयमा विद्यार्थीहरुमा फर्निचरको अभाव, विद्यार्थीको भर्ना चाप, पाठ्यपुस्तकको अभाव, शैक्षिक सामग्रीको ह्रासका कारणले द्वन्द्व उत्पन्न हुने भएको र स्रोत साधनमा गुणात्मक तथा परिमाणात्मक विस्तार गरी द्वन्द्व न्यूनीकरण गर्न सकिने धारणा उत्तरदाताहरु मध्ये प्र.अ. १

जना अर्थात १० प्रतिशत, शिक्षक २ जना अर्थात २० प्रतिशत र विद्यार्थी ३ जना अर्थात १५ प्रतिशत रहेका छन् ।

विद्यालयमा उत्पन्न द्वन्द्व न्यूनीकरणको उपायहरु मध्ये समस्या प्रति चेतनाको वृद्धि रहेको छ । प्रत्येक विद्यार्थीलाई विद्यालयमा मा उत्पन्न हुन सक्ने द्वन्द्व बारे पहिले नै चेतना जोगाउने कार्य गरेमा द्वन्द्व उत्पन्न हुन सक्ने सम्भावना कम देखिन्छ । विद्यार्थीहरुमा चेतना जोगाउनका लागि समय समयमा सेमिनार, गोष्ठि तथा छलफलका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने हुन्छ । सो धारणा व्यक्त गर्नेहरुमा प्र.अ. १ जना अर्थात १० प्रतिशत, शिक्षक २ जना अर्थात १० प्रतिशत र विद्यार्थी ३ जना अर्थात १५ प्रतिशत रहेका छन् ।

यसरी विद्यालयहरुमा द्वन्द्व न्यूनीकरणका लागि शिक्षक, प्र.अ. र विद्यार्थीहरु समेतले सुझाएका उपायहरु तथा थोमस र मिल्टले प्रतिपादन गरेको द्वन्द्वको प्रतिक्रियात्मक सिद्धान्त अनुसार द्वन्द्व न्यूनीकरणको उपायहरु पनि दमन नभई प्रत्यक्ष समझदारी, छलफल, अन्तरक्रिया र विद्यालयलाई शान्ति क्षेत्रका रुपमा लिनु पर्ने भएकाले व्यवहारिक रुपमा यो सिद्धान्तसँग मेल खाएको देखिन्छ ।

## ४.५ प्राप्ति

विद्यालयको द्वन्द्व व्यवस्थापनको वर्तमान अवस्था विद्यालय अनुसार फरक फरक रहेको पाइयो । नमुना छनौटमा परेका विद्यालयहरू मध्ये धेरै विद्यालयहरूमा द्वन्द्व व्यवस्थापनका उचित उपायहरू अवलम्बन नगरेको पाइयो । ती विद्यालयहरूमा द्वन्द्व न्यूनिकरणका उपायहरूमा सहभागितामा वृद्धि गर्ने, सहयोगको आदान प्रदान गर्ने स्रोतमा वृद्धि गर्ने समस्या प्रतिको चेतनामा वृद्धि गर्ने पारस्परिक समझदारी गर्ने र विद्यालयलाई शान्ति क्षेत्रको रूपमा घोषणा गर्ने लगायतका उपायहरूवाट द्वन्द्व व्यवस्थापन गरेको पाइदैन ।

विद्यालयमा द्वन्द्वको विद्यमान अवस्थाहरूमा भाषिक द्वन्द्व, जातिय द्वन्द्व, लिङ्गीय द्वन्द्व, विद्यार्थी र शिक्षकबीचको द्वन्द्व, लक्ष्य सम्बन्धी द्वन्द्व र नीतिगत द्वन्द्वहरु रहेका छन् । यी मध्ये नमूना छनोटमा परेका सामुदायिक विद्यालयहरुका विद्यालयमा तुलनात्मक रुपमा लिङ्गीय द्वन्द्व बढीमात्रामा उत्पन्न हुने गरेको पाइयो ।

यस अध्ययनमा विद्यालयका प्र.अ., शिक्षकहरू, वि.व्य.स.का अध्यक्षहरू, वुद्धिजीविहरू र विद्यार्थीहरूको प्रतिक्रियाको आधारमा द्वन्द्वका स्रोतहरू निम्नानुसार हुने कुरा विश्लेषणबाट

प्राप्त भएको देखिन्छ । सर्वेक्षण गरिएको विद्यालयहरूमा द्वन्द्वको विद्यमान अवस्था तथा स्रोतहरूमा मुख्य स्रोत राजनैतिक हस्तक्षेप मानिएको पाईयो । विश्लेषकहरू मध्ये धेरै व्यक्तिहरूको प्रतिक्रियामा राजनैतिक हस्तक्षेपले कसरी विद्यालयमा नकारात्मक प्रभाव पारेको छ भन्ने तर्क प्रस्तुत गरिएको छ र असहमति, पारस्परिक द्वन्द्व, अनावश्यक दोष, प्रतिकारात्मक हमला, वादविवाद, सङ्घर्ष, निराशा र दबावपूर्ण अवस्थाले विद्यालयमा शैक्षिक द्वन्द्व सिर्जना गर्नमा महत्वपूर्ण भूमिका खेलेको पाईयो । यी स्रोतहरूले गर्दा विद्यालयको सरोकारवाला व्यक्तिहरू शिक्षक-शिक्षकवीचमा द्वन्द्व शिक्षक र प्र.अ. वीचमा द्वन्द्व र विद्यालय समुदाय वीचमा द्वन्द्व विद्यमान रहेको पाइयो ।

यस अध्ययनमा विद्यालयको द्वन्द्व व्यवस्थापनका लागि शिक्षकहरूको भूमिका सल्लाहकारको रूपमा, अभिनयकर्ताको रूपमा, निष्पक्षकर्ताको रूपमा, सुपरीवेक्षकको रूपमा, समन्वयकर्ताको रूपमा, मध्यस्थकर्ताको रूपमा, परामर्शदाताको रूपमा र सहयोगकर्ताको रूपमा रहेको पाइयो । शिक्षकहरूले यी भूमिकाहरू विद्यालयमा उत्पन्न विभिन्न किसिमको द्वन्द्वव्यवस्थापनका लागि गर्ने गरेको पाइन्छ । यसरी शिक्षकहरूले उच्च पदमा बसेर विद्यालय तथा विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापनका लागि सल्लाहकारको भूमिका, अभिनयकर्ताको भूमिका, समन्वयकर्ताको भूमिका र मधयस्तकर्ताको भूमिका खेलेको पाईयो । त्यस्तै विद्यालयमा उत्पन्न द्वन्द्वको साझा समस्या व्यवस्थापनका लागि शिक्षकहरूले विभिन्न विधिहरूको समेत प्रयोग गर्ने गरेको पाईन्छ । यस अध्ययन अनुसन्धानमा विद्यालयका प्र.अ., शिक्षकहरू, वि.व्य.स.अध्यक्ष, वुद्धिजीवि र विद्यार्थीहरूको दृष्टिकोणमा विद्यालयको द्वन्द्व व्यवस्थापनका लागि निम्न लिखित तरिकाहरू सहभागिता, सम्झौता, द्वन्द्व परित्याग र पारस्परिक, समझदारी, सहयोगको आदान प्रदान, स्रोतमा वृद्धि, समस्याप्रतिको चेतनामा वृद्धि, सहमति गर्ने र विद्यालयलाई शान्ति क्षेत्रको रूपमा घोषणा गर्नु पर्ने रहेको पाईन्छ । यी मध्ये सहभागितामूलक तरिकालाई द्वन्द्व व्यवस्थापनको मुख्य तरिकाको रूपमा लिइएको पाइन्छ भने द्वन्द्व परित्याग रणनीतिलाई सवै सरोकारवाला व्यक्तिहरूवाट उपेक्षा गरेको पाइन्छ ।

यस अनुसन्धानमा विद्यालयको द्वन्द्व व्यवस्थापन सम्बन्धी विभिन्न तरिकाहरू तथा न्यूनीकरणका उपायहरूलाई अवलम्बन गरेको पाईन्छ : ती उपायहरूमा समस्याको पहिचान, पारस्परिक समझदारी, समस्या प्रतिको सचेतना र विद्यालयलाई शान्ति क्षेत्रको रूपमा

घोषणालाई विद्यालयमा उत्पन्न द्वन्द्व न्यूनीकरणका मुख्य उपायहरूका रूपमा लिएको पाइन्छ। अध्ययनमा पारस्परिक समझदारीलाई विद्यालयको द्वन्द्व न्यूनीकरणको मुख्य उपायका रूपमा प्रयोग गरेको पाइन्छ। त्यसैगरी विद्यालयमा उत्पन्न द्वन्द्वका न्यूनीकरणका उपायहरूमा आपसी समझदारी बाहेक समस्याको पहिचानलाई समेत द्वन्द्व न्यूनीकरणको महत्वपूर्ण उपायका रूपमा लिइएको पाइन्छ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

यस अध्यायमा शोधकर्ताले शोधपत्र तयार गर्दा विभिन्न विद्यालय, व्यक्ति तथा सम्बन्धित पक्षहरूसँग गरेको अन्तरक्रिया, छलफल तथा प्रश्नावलीको प्रयोगबाट आएका तथ्यहरूको निष्कर्ष र सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

विद्यालयमा द्वन्द्व व्यवस्थापनका लागि विद्यार्थीहरूको सहभागितामा वृद्धि, सम्झौता गर्ने सीप, स्रोतमा वृद्धि, समस्या प्रतिको चेतनामा वृद्धि, पारस्परिक समझदारी, शैक्षिक सामग्री र विद्यालयलाई शान्ति क्षेत्रको रूपमा घोषणा गर्नुपर्ने लगायतका अन्य विषयमा विद्यार्थीहरूलाई अवगत नभएकोले ती विद्यालयहरूमा द्वन्द्व व्यवस्थापनको अवस्था कमजोर रहेको निष्कर्षमा पुगिएको छ । यसरी विद्यालयमा द्वन्द्व व्यवस्थापनका लागि न्यूनतम आधारभूत उपायहरूको कार्यान्वयन नभएको अवस्थामा विद्यालयको अध्ययन अध्यापन कार्य सुचारु गर्न कठिन हुने र सुचारु भएपनि त्यसबाट प्राप्त हुने परिणाम भने राम्रो आउदैन ।

विद्यालय समुदायमा अवस्थित रहेको हुन्छ जहाँ विद्यार्थीहरू सामाजिकीकरण भई समाजमा घुलमिल हुने गर्दछन् त्यसैले विद्यालयले समाजका वालवालिकाहरूलाई समाजिकीरकण गर्ने भएकोले यसलाई अभिकर्ताको रूपमा लिईन्छ । विद्यालयमा उत्पन्न हुने द्वन्द्वले समाजिकीकरणमा नकारात्मक परिवर्तनका साथै सकारात्मक परिवर्तन ल्याएको छ किन भने द्वन्द्व भन्नु नै दुई व्यक्ति, समुह र संस्थावीच असहमति हुनु हो । यस किसिमको असहमतिले विद्यालयको शिक्षणसिकाइ क्रियाकलापमा नकारात्मक प्रभाव पार्ने कुरा अवलोकन गरिएको छ । त्यसैगरी मानिसहरू एकैसाथ जब काम गर्न थाल्दछन् त्यसवेला पारस्परिक सम्बन्धको आवश्यकता, उत्प्रेरणा, इच्छा, विभिन्न लक्ष्यहरू, रुचि, विश्वास र मूल्यमान्यतामा बेमेल देखा पर्नु, स्वभाविक मानिन्छ । यी सवै तत्वहरू विद्यालयमा उत्पन्न हुने द्वन्द्वका लागि प्रमुख मानिन्छन् । त्यसैले द्वन्द्व एक जटिल क्षेत्र भएकाले यसलाई सहमति द्वारा सम्बोधन गरिएको छ ।

विद्यालयहरूमा राज्यले प्रसस्तै लगानी गरिएको भएतापनि विद्यालयमा द्वन्द्व व्यवस्थापनको अभावमा शैक्षिक गुणस्तर कमजोर रहेको निष्कर्षमा पुगिएको छ । यसरी विद्यालय सुसञ्चालनका लागी द्वन्द्व व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ । विद्यार्थीहरूको सिकाइ

उपलब्धिमा विद्यालयको द्वन्द्व व्यवस्थापनले प्रभाव पार्दछ । केहि विद्यालयहरूको द्वन्द्वव्यवस्थापनमा शिक्षकहरूको भूमिका न्युन रहेकोले ती विद्यालयहरूमा सबै सरोकारवाला ब्यक्तिहरूको सक्रिय सहभागिता द्वारा द्वन्द्व व्यवस्थापन गर्नू पर्दछ । द्वन्द्व व्यवस्थापनको अवस्था कमजोर भएका विद्यालयहरूको पहिचान गरी उनीहरूको शैक्षिक बिकास तथा द्वन्द्व व्यवस्थापनमा सबै सरोकारवाला व्यक्तिहरूका साथै सरकारी तथा गैर सरकारी निकायहरूबाट सहयोग जुटाउनु पर्दछ । विद्यालयसंग सम्वन्धित सम्पूर्ण सरोकारवालाहरूले विद्यालयको सर्वाङ्गीण विकासमा प्रत्यक्ष  सङ्लग्न भएर सहयोग गर्ने वातावरणको विकास विद्यालय व्यवस्थापन समिति तथा विद्यालयका प्रधानाध्यापकहरू र शिक्षकहरूले गर्नुपर्दछ । त्यसो गर्न नसकिएमा सबैको साथ र सहयोग पाउने सम्भावना नरहन सक्दछ । फलस्वरूप द्वन्द्वब्यवस्थापनमा सुधार ल्याउन सकिदैन ।

विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्न, विद्यालय व्यवस्थापन गर्ने सरोकारवाला व्यक्तिहरूले द्वन्द्वको अवस्था, द्वन्द्वका स्रोतहरू, द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका र द्वन्द्व न्यूनीकरणका उपायहरू सुझाउन आवश्यक देखिन्छ । द्वन्द्व व्यवस्थापन गर्न यसका विधिहरूका विषयमा बहस गर्नु भन्दा द्वन्द्व व्यवस्थापनलाई सकारात्मक र संरचनात्मक कार्यको रूपमा लिएर अगाडि बढ्नु पर्दछ । विद्यालयमा उत्पन्न हुने द्वन्द्वलाई कसरी संरचनात्मक तरिकाबाट एकैसाथ सवैको सहभागिता द्वारा व्यवहारिक बनाउने र यसको लागि संरचनात्मक ढंगबाट कसरी सहकारी पद्धतिमा सवैलाई आवद्ध गर्ने भन्ने विषयमा सवैको गम्भिर ध्यानाकर्षण गर्न खोजिएको  छ ।

## ५.२ सुझावहरू

विद्यालयमा उत्पन्न हुने द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका विषयक शीर्षकमा गरिएको अध्ययनबाट विद्यालयमा उत्पन्न हुन सक्ने द्वन्द्वहरुलाई समय सापेक्ष व्यवस्थापन गर्ने तथा त्यसका स्रोतहरुको पहिचान गर्ने उद्देश्यका साथ त्यससँग सम्बन्धित आवश्यक तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण गर्दा देखिएका समस्याहरु तथा त्यसलाई समाधान गर्ने उपायहरु सहित निम्न सुझावहरु प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

विद्यालयमा उत्पन्न हुने द्वन्द्वलाई समाधान गर्न प्र.अ., शिक्षक र अभिभावकहरू वीचमा राम्रो समन्वय गरी विद्यालयमा देखा पर्ने मुद्दालाई न्यूनीकरण गर्नु पर्ने हुन्छ र विभिन्न किसिमका सेमिनार, गोष्ठी, छलफल र दोहोरो सञ्चार प्रणालीमा सहभाागी गराइ द्वन्द्व न्यूनीकरणमा सहयोग पुऱ्याउनु पर्ने हुन्छ । शान्ति शिक्षाका लागि वालवालिकाको शारीरिक, मानसिक, वौद्धिक, संवेगात्मक र सामाजिक विकाशमा सहयोग गर्ने भएकोले यस किसिमको शिक्षा प्रदान गर्न राष्ट्रिय देखि अन्तर्राष्ट्रिय तथा व्यक्तिगतदेखि स्थानीय स्तरबाट नै सहयोग गरिनु पर्दछ ।

द्वन्द्वमा फस्नु अगावै त्यसको प्रतिरक्षा गर्नु आवश्य भएकोले त्यसलाई सामना गर्न एवम् सामाधान गर्न तथा मध्यस्थता गर्न चाहिने सीप र आवश्यक सोच वारे सरोकारावालाहरूलाई शिक्षित गरिनु पर्दछ । कुनै पनि विवादको अन्त्य हिंसा वाट गर्न सकिन्न भन्ने कुरा वुझाएर जुनसुकै उमेर, लिङ्ग, सामाजिक प्रतिष्ठा, धार्मिक संलग्नता र सांस्कृतिक सदभावका व्यक्तिलाई पनि शान्तिपूर्ण विश्व निर्माणमा संलग्न गराउनु पर्दछ ।

शिक्षक तालिमले शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्नुका साथै शिक्षकलाई योग्य, दक्ष र क्षमतावान बनाउने कार्यमा सहयोग पुऱ्याउने भएकोले आवश्यकता अनुसार तालिम प्रदान गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ अभ्यास तह

विद्यालयमा उत्पन्न हुने द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका सम्बन्धमा द्वन्द्वलाई न्यूनीकरण गर्न प्रभावकारी रुपमा त्यस कार्यलाई कार्यान्वयन गर्नु पर्ने हुन्छ । त्यस सम्बन्धमा शिक्षक, विद्यार्थी, प्र.अ., अभिभावक, वि.व्य.स. अध्यक्षहरुको, बीचमा प्रभावकारी रुपमा सञ्चारको भूमिका खेल्नु पर्ने हुन्छ । समय समयमा त्यस सम्बन्धि अन्तर्क्रिया कार्यक्रम, गोष्ठिहरुको आयोजना गरी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ । साथै विद्यालयमा पर्याप्त मात्रामा भौतिक सुविधा, पाठ्यक्रमको व्यवस्था, खेलसामग्री, खेल्ने चौरको व्यवस्था समेत गर्नुपर्ने हुन्छ । साथै शिक्षकको शिक्षण कार्य समेत विद्यार्थीको रुचि, चाहना तथा स्तर अनुसारको भएमा समेत द्वन्द्वलाई न्यूनीकरण गर्न सकिन्छ ।

### ५.२.३ अनुसन्धान तह

विद्यालयमा द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका विषयक शोधकार्यमा प्रस्तुत गरिएका विभिन्न प्रकारका शोध, अध्ययन तथा अनुसन्धानको निष्कर्षमा के भन्न सकिन्छ भने यस विषयसँग सम्बन्धित विभिन्न प्रकारका लेख रचना तथा साहित्यको अध्ययनबाट प्राप्त निचोडलाई यहाँ प्रस्तुत गरी यस शोध अध्ययनबाट आगामी दिनमा यस विषयसँग सम्बन्धित शोध गर्ने व्यक्ति तथा संघ संस्थालाई विद्यालयमा हुने द्वन्द्व व्यवस्थापनमा शिक्षकले आफ्नो पदिय जिम्मेवारी सम्हाल्दै द्वन्द्व सम्बन्धी ठोस नीति ल्याउने तथा यस सम्बन्धी  नीति निर्माण गर्ने संघ, संस्थालाई समेत उपयोगी हुने छ भन्ने आशा राखिएको छ । साथै विद्यालयमा उत्पन्न हुने द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका विषय बाहेक विद्यालयमा हुने द्वन्द्व व्यवस्थापनका लागि मोनिटरको भूमिका, विद्यालयको द्वन्द्व व्यवस्थापनमा प्र.अ.को भूमिका, विद्यालयमा द्वन्द्व व्यवस्थापनले शिक्षण सिकाइ उपलब्धिमा पारेको प्रभाव, भौतिक स्रोत व्यवस्थापनले विद्यालयमा उत्पन्न हुने द्वन्द्व व्यवस्थापनमा पारेको प्रभाव सम्बन्धमा थप अध्ययन अनुसन्धान गर्न सकिन्छ ।

## अनुसूची १

# विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका

### शिक्षकहरुका लागि प्रश्नावली

विद्यालयको नाम :

ठेगाना :

जिल्ला :

अनुभव :

गा.वि.स. ⁄ न.पा.

**निम्न लिखित प्रश्नहरूको जवाफमा तपाईले रेजा वा आफ्नो प्रतिकिया उल्लेख गरी सहयोग गरी दिनु हुन सादर अनुरोध गरिन्छ ।**

१. तपाईको विद्यालयमा द्वन्द्वको अवस्था कस्तो रहेको पाउनु भएको छ ?

क. जातीय ख. लिङ्गीय

ग. भाषिक घ. लक्ष्य सम्बन्धी द्वन्द्व

२. के तपाईको विद्यालयमा द्वन्द्व आइपर्छन ?

(क) पर्छन (ख) पर्दैनन

(ग) कहिलेकाहि (घ) अन्य

३. तपाईको विद्यालयमा द्वन्द्वका मुख्य कारणहरू के-के हुन् ?

(क) आपसी समझदारीमा कमि (ख) विद्यार्थीको भर्ना चाप

(ग) संचारमा अवरोध (घ) सेवा सुविधामा कमि

४. तपाईको विद्यालयमा कस्ता - कस्ता द्वन्द्वहरू विद्यमान छन् ?

क) जातिय ख) शैक्षिक

ग) आर्थिक घ) राजनैतिक

५. विद्यालयमा द्वन्द्वहरू कस-कसको वीचमा हुने गरेको पाउनुभएको छ ?

(क) शिक्षक र शिक्षकवीचमा (ख) प्र.अ. र शिक्षकवीचमा

(ग) शिक्षक र विधार्थी बीचमा (घ) शिक्षक र अभिभावक वीचमा

(ङ) प्र.अ. र वि.व्य. स. वीचमा च) अन्य खुलाउने

६. विद्यालयका सवैभन्दा बढी द्वन्द्व हुने पक्ष कुन हो ?

क) साधारण व्यवस्थापन ख) आर्थिक व्यवस्थापन

ग) विद्यार्थी सेवा प्रवाहको व्यवस्थापन घ) विद्यालयको सम्पति व्यवस्थापन

७. विद्यालयमा द्वन्द्व पैदा हुने स्रोतहरू के के हुन् ?

क) राजनैतिक हस्तक्षेप ख) आर्थिक कमि

ग) प्र.अ. को कम्जोरी घ) प्रयाप्त सुविधामा कमि

८. तपाईको विद्यालयमा द्वन्द्व हुने मूख्य कारणहरू के हुन् ?

९. के तपाईले द्वन्द्व व्यवस्थाापनका लागि कुनै कार्यमा सङ्लग्न हुनु भएको छ ?

१०. विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापनका लागि तपाइले कस्तो भूमिका खेल्नु भएको छ ?

११. तपाईको विचारमा द्वन्द्व न्यूनीकरणका उपायहरू के के हुन सक्तछन् ?

## अनुसूची २

## विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका

### प्र.अ.हरु का लागि प्रश्नावली

विद्यालयको नाम :

ठेगाना : जिल्ला :

अनुभव : गा.वि.स. ⁄ न.पा.

**निम्न लिखित प्रश्नहरूको जवाफमा तपाईले रेजा चिन्ह वा आफ्नो प्रतिक्रिया उल्लेख गरी सहयोगगरी दिनु हुन सादर अनुरोध गरिन्छ ।**

१. तपाईको विद्यालयमा द्वन्द्व अवस्था कस्तो रहेको छ ?

क. जातीय ख. लिङ्गीय

ग. भाषिक घ. लक्ष्य सम्बन्धी द्वन्द्व

२. तपाइको शैक्षिक द्वन्द्व भन्नाले कस्तो स्थितिलाई लिनु हुन्छ ?

क) झै - झगडा वा कलह ख) आपसी मतभेद

ग) प्रतिस्पर्धा घ) अन्य

३. तपाईको विद्यालयमा द्वन्द्वका मुख्य कारणहरू के-के हुन् ?

(क) आपसी समझदारीमा कमि (ख) विद्यार्थीको भर्ना चाप

(ग) संचारमा अवरोध (घ) सेवा सुविधामा कमि

४. तपाईको विद्यालयमा कस्ता - कस्ता प्रकारका द्वन्द्व विद्यमान छन् ?

क) जातीय ख) शैक्षिक

ग) आर्थिक घ) राजनैतिक

५. विद्यालयमा कस-कसका बीचमा द्वन्द्व हुने गरेको पाउनु भएको छ ?

क) शिक्षक - शिक्षक बीचमा ख) प्र.अ. र शिक्षक बीचमा

ग) शिक्षक र अभिभावक बीचमा घ) प्र.अ. र वि.व्य.स. बीचमा

६. तपाईको विद्यालयमा द्वन्द्व उत्पन्न हुने मूख्य कारण के हो ?

क) विद्यालयमा व्यवस्थापन कमी ख) विद्यार्थीको भर्ना चाप

ग) लैङ्गिक असमानता घ) जातीय विभेद

७. तपाईले द्वन्द्व उत्पन्न हुनुमा बढी कसलाई जिम्मेवार ठान्नु हुन्छ ?

क) प्र.अ. आफै   ख) वि.व्य.स.

ग) अभिभावक   घ) शिक्षक संघ

८. विद्यालयमा सबैभन्दा बढी द्वन्द्व हुने क्षेत्र कुन हो ?

क) कक्षा कोठा   ख) खेल मैदान

ग) अफिस   घ) पुस्तकालय

९. विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापनमा तपाई शिक्षकको कस्तो भूमिका रहने गरेको छ ?

क) सहजकतार्को रूपमा   ख) नेतृत्वदायी भूमिका

ग) टथस्थ   घ) सल्लाहकारको भूमिका

१०. तपाइले विद्यालयको द्वन्द्वलाई कसरी न्यूनीकरण गर्ने गर्नु भएको छ ?

क) पारस्परिक समझदारी गरेर   ख) समस्या प्रति चेताना जगाएर

ग) विद्यालयलाई शान्ति क्षेत्रको रूपमा घोषणा गरेर

घ) समस्याको पहिचान गरेर

११. तपाईको विचारमा विद्यालयमा द्वन्द्व उत्पन्न हुन नदिन के-के गर्नु पर्लान् ? तपाईको सुझाव उल्लेख गर्नुहोस् ।

## अनुसूची ३

## विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका

### वि.व्य.स. अध्यक्षहरुका लागि अन्तर्वार्ता

विद्यालयको नाम : ठेगाना : :

जिल्ला : अनुभव :

गा.वि.स. ⁄ न.पा.

**निम्न लिखित प्रश्नहरूको उत्तर दिई सहयोग गरिदिनु होला ।**

१. तपाई एक विद्यालय व्यवस्थापन समितिको सदस्य नाताले द्वन्द्वलाई कसरी लिनुहुन्छ ?

२. तपाईको विचारमा द्वन्द्व कसरी उत्पन्न हुनसक्छ ?

३. तपाईको विद्यालयमा द्वन्द्वका मुख्य कारणहरू के-के हुन् ?

(क) आपसी समझदारीमा कमि (ख) विद्यार्थीको भर्ना चाप

(ग) संचारमा अवरोध (घ) सेवा सुविधामा कमि

४. तपाईको विचारमा विद्यालयमा द्वन्द्वका स्रोतहरू के-के हुन सक्छ ?

क) अत्यधिक विद्यार्थीको चाप ख) आपसी समझदारीको कमी

ग) भौतिक सेवा सुविधाको कमी घ) अन्य

५. तपाईको यस विद्यालयमा कस्ता-कस्ता प्रकारका द्वन्द्व विद्यमान छन् ?

क) जातीय द्वन्द्व ख) शैक्षिक द्वन्द्व

ग) राजनैतिक द्वन्द्व घ) भौतिक द्वन्द्व

६. विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापन गर्नु वि.व्य.स.को भूमिका कस्तो रहेको छ ?

क) नेतृत्वदायी भूमिका ख) सहजकर्ताको रूपमा

ग) टथस्त घ) अन्य

७. के विद्यालयमा भौतिक पूर्वाधारको अभावले पनि द्वन्द्व उत्पन्न हुने गरेका छन् ? यदि यस्तै कारणले गर्दा तपाईको विद्यालयमा उत्पन्न भयो भने तपाईले यसलाई कसरी समाधान गर्नुहुन्छ?

| | |
|---|---|
| क) छन् | ख) छैनन् |
| ग) कहिलेकाँही | घ) अन्य |

८. के तपाईले विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापनका कार्यमा कहिले सङ्लग्न हुनु भएको छ ?

| | |
|---|---|
| क) छ | ख) छैन |
| ग) कहिले काँहि | घ) अन्य |

९. तपाईको विद्यालयमा उत्पन्न द्वन्द्वलाई न्यूनीकरण गर्न के-के उपाय अपनाउनु भएको छ ?

| | |
|---|---|
| क) स्रोतमा वृद्धि | ख) सहयोगको आदानप्रदान |
| ग) त्याग गर्ने | घ) सहभागितामा वृद्धि |

## अनुसूची ४

## विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका

### बुद्धिजीविहरुका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम :

ठेगाना : :

जिल्ला :

अनुभव :

गा.वि.स. ⁄ न.पा.

**निम्न लिखित प्रश्नहरूको उत्तर दिई सहयोग गरिदिनु होला ।**

१. तपाईको विचारमा विद्यालयमा उत्पन्न हुने द्वन्द्वको अवस्था कस्तो रहेको पाउनु भएको छ ?

क. जातीय ख. लिङ्गीय

ग. भाषिक घ. लक्ष्य सम्बन्धी द्वन्द्व

२. तपाईको विचारमा विद्यालय द्वन्द्व किन उत्पन्न हुन्छ ?

क) आपसी मतभेद ख) प्रतिस्पर्धा

ग) अनुशासनहिन कार्य गर्नाले

घ) विद्यालयको नीति, नियम विपरीत कार्य गरेमा

३. तपाईको विद्यालयमा द्वन्द्वका मुख्य कारणहरू के-के हुन् ?

(क) आपसी समभ्रूदारीमा कमि (ख) विद्यार्थीको भर्ना चाप

(ग) संचारमा अवरोध (घ) सेवा सुविधामा कमि

४. तपाई बसेको ठाउँमा विद्यालयमा उत्पन्न हुने द्वन्द्वका स्रोतहरू के के हुन सक्तछन् ?

क) विद्यार्थीले पाउने सेवा सुविधामा कमि

ख) आपसी समभ्रूदारीमा कमि ग) प्र.अ.को कमजोरी

५. तपाईको विचारमा विद्यालयमा उत्पन्न द्वन्द्वका स्रोतहरू के के हुन सक्छन् ?

क) राजनैतिक विरोध ख) प्र.अ.को कम्जोरी

ग) द्वन्द्वात्मक सरकारी नीति घ) लिङ्गीय विभेद

६. विद्यालयमा उत्पन्न हुने द्वन्द्वमा वढि कसलाई जिम्मेवार ठान्नु हुन्छ ?

क) विद्यार्थीलाई ख) शिक्षक

ग) अभिभावक घ) वि.व्य.स.

७. तपाई एक वुद्धिजीवि व्यक्तिको नाताले यी द्वन्द्व समाधान / व्यवस्थापन गर्न कस्तो भुमिका खेल्ने गर्नु भएको छ।

क) सल्लाहकारको भूमिका ख) सुपरिवेक्षकको भूमिका

ग) मध्यस्थकर्ताको भूमिका घ) समन्वयकर्ताको भूमिका

८. यदि तपाई विद्यालयमा उपस्थित हुँदा विद्यार्थी, विद्यार्थीविचमा द्वन्द्व उत्पन्न भयो भने यसलाई कसरी व्यवस्थापन गर्नु भएको छ ?

क) समस्या पहिचान गरेर ख) टथस्त रहेर

ग) निष्पक्ष व्यवहार देखाएर घ) सहयोगीको भूमिका निर्वाह गरेर

९. के तपाईले द्वन्द्व व्यवस्थापनका लागि कुनै कार्यमा संलग्न भएको छ ?

क) छ ख) छैन

ग) कहिलेकाँही घ) अन्य

१०. विद्यालयम उत्पन्न हुने द्वन्द्वलाई तपाईले कसरी न्यूनीकरण गर्ने भएको छ ?

क) पारस्परिक समझदारी गरेर

ख) समस्याप्रतिको चेतना जगाउने कार्य गरेर

ग) लेनदेन कार्य गरेर घ) अन्य

## अनुसूची ५

# विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका

### विद्यार्थीहरुका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम :

ठेगाना : :

जिल्ला :

कक्षा :

गा.वि.स. ⁄ न.पा.

**निम्न लिखित प्रश्नहरूको उत्तर दिई सहयोग गरिदिनु होला ।**

१. के तपाईले अध्ययन गर्ने विद्यालयमा द्वन्द्व आइपर्छन ?

क) पर्छ ख) पर्दैनन्

ग. कहिले काँहि घ) अन्य

२) तपाईको विचारमा कक्षामा द्वन्द्वको अवस्था कस्तो रहेको पनउनु भएको छ ?

क. जातीय ख. लिङ्गीय

ग. भाषिक घ. लक्ष्य सम्बन्धी द्वन्द्व

३. तपाईको विद्यालयमा द्वन्द्वका मुख्य कारणहरू के-के हुन् ?

(क) आपसी समझदारीमा कमि (ख) विद्यार्थीको भर्ना चाप
(ग) संचारमा अवरोध (घ) सेवा सुविधामा कमि

४. तपाईको विद्यालयमा के के कारणले गर्दा द्वन्द्व हुन्छ ?

क) भौतिक व्यवस्थापनमा कमि ख) भाषिक वा जतिय कारण

ग. पाठ्य पुस्तकको अभावका कारण घ) शिक्षकको पक्षपातपुर्ण व्यवहार

५. तपाईको कक्षा कोठामा द्वन्द्व कस–कसको वीचमा हुने गरेको पाउनु भएको छ ?

क) जान्ने नजान्ने विद्यार्थी वीचमा ख) छात्र र छात्रा वीचमा
ग) शिक्षक र विद्यार्थी वीचमा घ) मनिटर र विद्यार्थी वीचमा

६. तपाईको विचारमा कक्षा कोठाका द्वन्द्वका स्रोतहरू के के हुन ?

क) विद्यार्थीले पाठ्यपस्तक समयमा नपाउनु
ख) जातीय तथा भाषिक कारण वाट
ग) व्यक्तित्वमा विरोध
घ) लक्ष्य प्रति असमान व्यवहार

ङ) अन्य ..........................................................................

७. तपाईको विद्यालयमा हुने द्वन्द्वमा शिक्षकहरूले के कस्ता भूमिका निर्वाह गर्नु भएको छ ?

क) भौतिक व्यवस्थापनको उपलब्धतामा जोड

ख) निष्पक्ष ढंगले व्यवहार गर्ने

ग) वालमैत्री कक्षा व्यवस्थापनमा जोड

घ) समावेशी शिक्षामा जोड

ङ) अन्य .............................................................................................

८. विद्यालयमा उत्पन्न द्वन्द्व व्यवस्थापनका लागि तपाईहरूले कस्तो भूमिका खेल्नु भएको छ ?

क) सहजकर्ताको भूमिका ख) मध्यस्थ कर्ताको भूमिका

ग) नेतृत्वदायी भूमिका घ) टथस्त

९. तपाईका विचारमा कक्षा कोठामा उत्पन्न द्वन्द्वको न्यूनिकरणका उपायहरू के के हुन सक्तछन् ?

क) आपसी समभ्रुदारी ख) भौतिक सेवा सुविधाको उपलब्धता

ग. भाषिक विकाशमा जोड घ) लैङगिक सामानता

ङ) अन्य .........................................................................................................

१०. तपाईको विचारमा द्वन्द्व न्यूनीकरणका अन्य उपायहरू के के हुन सक्छन् ?

क) सहभागितामा वृद्धि ख) स्रोतमा वृद्धि

ग) सहयोगको आदान प्रदान घ) विद्यालयलाई शान्ति क्षेत्रको रूपमा लिनु

# अनुसूची ६

## विद्यालयको द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका

### अध्ययनको नमूना र नमूना छनौट विधि

| क.सं. | विवरण | जनसंख्या | नमूना छनोट विधि |
|---|---|---|---|
| १ | विद्यालय | १० | सुविधायुक्त नमूना छनौट विधि |
| २ | प्र.अ. | १० | सुविधायुक्त नमूना छनौट विधि |
| ३ | शिक्षक | २० | उद्देश्यमूलक नमूना छनौट विधि |
| ४ | वि.व्य.स. अध्यक्ष | १० | सामान्य सम्भावनायुक्त विधि |
| ५ | बुद्धिजीवि | १० | सामान्य सम्भावनायुक्त विधि |
| ६ | विद्यार्थी | २० | चिठ्ठा विधि |

## सन्दर्भ सामग्रीहरू

कोइराला, विद्यानन्द र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौँ : भोटाहिटी, विद्यार्थी पुस्तक भण्डार ।

जावादेकर, ड्ब्लु. एस. (२००२), *व्यवस्थापन सूचना प्रणाली,* नयाँ दिल्ली : टाटा म्याकग्रहिल ।

थापा र सिग्देल (२०६४), *व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन,* काठमाडौँ : भोटाहिटी, विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले र ढकाल (२०६३), *शिक्षा शब्दकोष, दोस्रो संस्करण,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

Anjua, K.K. (1998), *Personnel management* New Delhi, Kalyani publishers.

Corvette, B.B. (2009), *Conflict management practical guidelines to developing strategies.* New Delhi, Dorling Kindersley. Pvt. Ltd.

Johnson, T & Mc Hough R (1998), *Management skills in school* penguin books Ltd.

Jones, G.R. (2007), *Organization theory design & Chance,* New Delhi Dorling Kindersley Pvt.

Kelly, Job (1987) *Management information system & human resource management* students publication centre, Kathmandu.

Poudel, AP (2001) *education/ Conflict in school & their consequence in teaching learning* unpublished M. Phil thesis, Danish university of education in Denmark.

Poudel Nabin (2065), *Participation of women in conflict management*, Unpublished master's thesis, Kirtipur, Central department of population, Tribhuvan university.

Pradhan G. (2060), *Children & peace education,* curriculum development centre, Sanothimi Bhaktapur.

Sharma, Chiranjiwi (2062) *Philosophical & sociological bases of education* M.K. publishers & distributors, kathmandu.

Sharma, Sudha (2009*), Impact of peace education program on school children in Banke.* Unpublished master thesis, Kirtipur, central department of pop$^{n}$, Tribhavan University.

Shrestha & Upreti (2003) *conflict resolution & governance in Nepal* National books centre, kathmandu.

Uprety, B.R. (2004), *the price of Neglect from resource conflict to the moist*. students publication centre, Kathmandu.